# स्वर

त्रैमासिक पत्रिका

वर्ष २१ अंक ४ कार्तिक-मङ्सिर २०८१



# स्वर पत्रिकाका आजीवन सदस्यहरू

राष्ट्रकवि माधव घिमिरे

वाङ्मय शताब्दी पुरुष
सत्यमोहन जोशी

भुवनेश्वरी सत्याल

गीता केशरी

गोपाल पराजुली

बालसाहित्य प्रतिष्ठान नेपाल

एभरेस्ट इङ्लिस स्कुल,
भक्तपुर

सुशीला देउजा

**आजीवन सदस्यताका लागि शुल्क : रु.५०००**

थप जानकारीका लागि सम्पर्क ९८५१४०३५३१
(सम्पादक / प्रकाशक)

## हार्दिक बधाई

बालसाहित्य रत्न शान्तदास सम्मानबाट सम्मानित हुनुभएकोमा एभरेष्ट इङ्लिस स्कुलका प्राचार्य श्री भक्त राजभण्डारीज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दछौँ।



**सुमन कार्की**
प्रबन्ध निर्देशक

**कार्तिकेय घिमिरे**
प्रधान सम्पादक

**स्वर द्वैमासिक पत्रिका परिवार**

जि.प्र.का. काठमाडौँ द.नं. १९५/०५९-०६०

# स्वर

द्वैमासिक पत्रिका

(साहित्य, कला, संस्कृति विविध विचार - सबैको आवाज अटाउने सञ्चार)


| वर्ष २१<br>Year 21 | अंक ४<br>Issue 4 | कार्तिक-मंसिर २०८१<br>Octobar-November 2024 |
|---|---|---|



**सम्पादक/प्रकाशक**

कृष्णप्रसाद घिमिरे - ९८५१४०३५३१

**प्रबन्ध निर्देशक**

सुमन कार्की - ९८५१०७४१३३

**प्रधान सम्पादक**

कार्तिकेय घिमिरे - ९८४१४७७५१५

**सह-सम्पादक**

जानुका खतिवडा - swarpatrika@gmail.com

**उप-सम्पादक**

विष्णुकुमारी लिम्बू

**लेआउट**

भेषबहादुर राउत (आनन्द) - ९८४१३७३५१०

**प्रतिनिधि**

राजकुमारी पूर्वटोले, सर्लाही - ९८६६३७१५६१

ईश्वर थोकर, भक्तपुर - ९७६५४३२३३७

**मुद्रण**

सहारा प्रिन्ट कनेक्सन, डिल्लीबजार, काठमाडौँ - ९८५१०७४१३३



पत्राचार : स्वर द्वैमासिक पो.ब.नं. २५८५९, का.म.न.पा-७, काठमाडौँ

फोन : ०१-५९१३५३१, ९८५१४०३५३१

Email : swarbiomonthly@gmail.com

Online Address : www.swarpatrika.com

मूल्य : रु. ५०    आजीवन सदस्यता : रु. ५०००।-

## सम्पादकीय

# यसो गरे कसो होला ?

अहिले नेपाली साहित्यमा सम्मान, पुरस्कार वितरण र विमोचन कार्यक्रमहरु व्यापक रुपमा भइरहेका छन् । हरेक साहित्यिक संघसस्थाहरूले यस किसिमका कार्यक्रमहरूलाई प्राथमिकता दिएको देखिन्छ । यस कार्यले नेपाली साहित्यको विकासमा योगदान दिइरहेको छ । सर्जकहरूलाई हौसला प्राप्त भइरहेको छ । विविध क्षेत्रमा काम गरेकाहरूको तर्फबाट साहित्य क्षेत्रमा बजेटको व्यवस्था भइरहेको छ । यसले साहित्यिक चर्चा, परिचर्चा र प्रकाशनलाई चलायमान बनाउन सहयोग पुगेको छ । यो आफैँमा सह्रानीय कार्य हो । यस कार्यलाई हामीले निरन्तरता दिनुपर्छ । यसमा कुनै दुईमत छैन तर नेपाली साहित्यमा धेरै होइन अब बीस प्रतिशत जति साहित्य लेखन, प्रशिक्षण कार्यशालाहरू, रचना वाचन तथा छलफल कार्यक्रमहरू र स्थलगत लेखन प्रतियोगिताहरू तथा विविध क्षेत्र र समुदाय लक्षित विभिन्न विधामा स्थानीय लेखकहरूबीच प्रतियोगिताहरू जस्ता कार्यक्रमहरू थप गर्न साहित्यिक संघसंस्थाहरुले पहल गर्न सके सुनमा सुगन्ध हुने थियो । यसो गरे कसो होला ?

यति गर्न सकियो भने साहित्य लेखनमा निरन्तर लागिरहेको पुस्ताले आफूलाई प्रस्तुत गर्ने कार्यक्रम र निखार्ने अवसर प्राप्त गर्न सक्ने थिए । यस किसिमका कार्यक्रमहरू शुल्क नलिई आयोजना गरिनु राम्रो हुन्छ जसले रुचि भएकालाई पनि समेटिने अवसर मिलोस् र लेखन प्रतियोगिताहरूले हौसला प्राप्त हुन सकोस् । साथै यस किसिमको क्रियाकलापले अरुका रचना पढ्ने र सुन्ने वातावरण सिर्जना गर्दछ । जसले हरेक लेखकको लेखनलाई परिस्कृत बन्न सहयोग प्राप्त हुनेछ । स्तरीय र मार्मिक लेखन नै आजको आवश्यकता हो । जसले नेपाली साहित्यलाई थप उचाइ प्राप्त हुनसक्छ ।

# विषयसूची


| | | |
|---|---|---|
| सम्पादकीय | यसो गरे कसो होला ? | २ |
| अन्तर्वार्ता | वरिष्ठ सर्जक विजय चालिसेसँग कुराकानी | ४ |
| पुस्तक समीक्षा | *ठाकुर शर्मा भण्डारी* | ८ |
| लघुकथा | *सुशीला खाण देउजा* | १२ |
| कविता | *केदार श्रेष्ठ* | १३ |
| व्यक्तित्व चर्चा | कवि एवं गीतकार हरिभक्त कटुवाल | १४ |
| निवन्ध | *शीतल गिरी* | १८ |
| कविता | *अमृत* | २३ |
| कविता | *विश्व सिग्देल* | २४ |
| अग्रज कविको कविता | *सिद्धिचरण श्रेष्ठ* | २५ |
| अध्यात्म | *प्रा.डा. अच्युतमणि आचार्य* | २६ |
| कविता | *दीपक न्यौपाने* | ३२ |
| कविता | *मुस्कान पाण्डे* | ३४ |
| गजल | *सरला श्रेष्ठ* | ३७ |
| चलचित्र | *कार्तिकेय घिमिरे* | ३८ |
| विदेशी कथा | *प्रेमचन्द* | ४२ |
| व्यक्तित्व चर्चा | कथाकार भवानी भिक्षु | ४६ |

अन्तर्वार्ता

# वरिष्ठ सर्जक विजय चालिसेसँग कुराकानी

विजय चालिसे वरिष्ठ सर्जक हुनुहुन्छ। उहाँले नेपाली साहित्य र पत्रकारिताका क्षेत्रमा विशेष योगदान दिनुभएको छ। उहाँका तीनवटा उपन्यास, सातवटा कथासंग्रह, संस्कृति र यात्रासम्बन्धी आठ वटा निबन्ध कृतिहरू र तीन दर्जन बढी बालसाहित्य कृतिहरु प्रकाशित छन् ।



१. **नमस्कार, सन्चै हुनुहुन्छ ? अहिले नयाँ के लेख्दै हुनुहुन्छ ?**

✍ हजूर, सञ्चै छु। भर्खरै एउटा लघु–लघुकथाको सङ्ग्रह तयार गरें। यही २०८१ असोज महिनाभित्र निस्कन्छ होला। त्यसैगरी वैदिक पृष्ठभूमिमा आधारित एउटा उपन्यास पनि यही हप्ताभित्र प्रकाशित हुँदै छ। अहिले फुटकर कथा लेखन र सङ्ग्रहमा नपरेका पछिका कथाहरुको एउटा सङ्ग्रह तयार गर्ने क्रममा छु।

२. **वर्तमान नेपाली साहित्यलाई कसरी हेर्नुभएको छ ? (साहित्यलाई बुझ्ने सवालमा तपाईं वृहत् आयाममा फैलिनुभएको छ भन्ने मान्दछु, जस्तै आदरणीय लेखक रमेश विकलको सुपुत्रको भूमिकामा, गोरखापत्र र मधुपर्कको सम्पादकीय प्रमुखको जिम्मेवारीको अनुभव र आफ्नै पनि लामो लेखन समर्पण। यी सबै जगमा टेकेर त्यो बेला र अहिलेको तुलना गर्दै केही मनका कुरा भनिदिनुस् न है।)**

✍ अगिल्लो समयको साहित्य लेखन जिम्मेवार लेखन मानिन्थ्यो र थियो पनि। उद्देश्यमूलक थियो, आजका भने प्राय प्रचारमुखीजस्ता लाग्दछन्। यसको अर्थ अहिले पनि राम्रा र गहन साहित्य लेखिएका छैनन् भन्ने होइन,

छन् तर अधिकांश सिर्जना साधना, अध्ययन र गाम्भीर्यलाई भन्दा मपाईंत्व र हलुका लेखनमा रमिरहेका देखिन्छन् । त्यसैले मलाई लाग्छ, साहित्य पहिला साधनामा बाँच्दथ्यो, अहिले अधिकांश लेखन प्रचारमाध्यमको बैशाखी, गुट र पैसामा बाँच्ने प्रवृत्तितर्फ प्रवृत्त देखिँदै छ जस्तो लाग्छ ।

यसको अर्थ नेपाली साहित्यलाई अहिले विज्ञापन कलाले पनि प्रभाव पारेको छ । एकथरी पाँचतारे होटलमा कार्यक्रम गरेर चर्चित हुनेहरू छन्, अर्को अङ्ग्रेजीमा लेख्नेहरू महान् हुन् र नेपाली साहित्यका व्यक्तित्व ती मात्रै हुन् कि जस्तो भान पर्ने गरी काम भएको पनि देखिन्छ । अनि आजको प्रविधि इमेल, इन्टरनेटको प्रयोग र पहुँचकर्ताहरूले हिजो देवकोटा, सम, लेखनाथ आदिलाई बिर्साउँदै छन् । उनीहरूको त्यहाँ चर्चा हुँदैन । त्यस्तै मिडियामा पहुँच हुने र कुस्त पैसा कमाएर नाम कमाउन खोज्न लेख्ने/लेखाउनेहरुको अर्को बोलबाला हुँदै गरेको देखिन्छ ।

३. **नेपाली साहित्यमा नेपालको गौरव जति लेखिनु पर्ने हो त्यति लेखिएन भन्ने आलोचना सुनिन्छ, यस विषयमा तपाईंको विचार के रहेको छ ?**

✍ यो पूर्ण सत्य होइनजस्तो लाग्छ । सस्ता प्रेमकथा, यौन र रोमाञ्च अनि प्रयोगका नाउँमा लेखिएका केही बाहेक जसले समाज लेख्छ, नेपाली परिवेश, जीवन र जीवनसङ्घर्ष लेख्छ उसले परोक्षमा नेपाल लेख्छ । वास्तविक नेपाललाई चिनाउने र यसका समस्यालाई औंल्याउने काम गर्छ भने त्यसलाई नेपाल गौरवकै गायन सम्झनु पर्छ भन्ने मलाई लाग्छ ।

४. **तपाईले साहित्यका धेरै विधामा कलम चलाउनुभएको छ । लेखनका लागि तपाईंको प्रिय विधा कुन हो ? किन त्यो विधा मन परेको हो ? मन पर्नुको विशेष कारण र प्रभावबारे भनिदनुिस् न है ।**

✍ मूलतः मेरो प्रिय विधा कथा र आख्यान हो । गद्यमा कथा, निबन्ध र आख्यान लेख्छु । आख्यान नेपाली साहित्यमा सबैभन्दा बढी पढिने विधा हो । त्यसैबाट यसको औचित्य पुष्टि हुन्छ । पाठकहरूले रुचाउनुहुन्छ । उपन्यासले जीवनको समग्र परिवेशलाई समेट्छ । कथाले पनि जीवनका यस्ता मार्मिक पक्षलाई समेट्छ । त्यसो भएको हुँदा सामाजिक यथार्थ

जीवनलाई उद्घाटन गर्ने हुनाले बढी रुचाइएको भन्ने कुरा औचित्यपूर्ण भएकोले मलाई बढी मन पर्छ ।

५. **अहिले नेपाली साहित्यको चर्चा र परिचर्चाको गति राम्रो तर रचना सामग्रीको स्तर खस्किएको छ भन्ने स्वर सुनिन्छ । यस विषयमा तपाईंको मत भनिदिनुस् न है ।**

✍ पहिले स्रष्टा र कृति प्रकाशनको सङ्ख्या कम थिए, सञ्चारका माध्यमहरु पनि अत्यन्तै सीमित थिए । थोरै छापा माध्यम र त्यति नै थोरै प्रसारण माध्यम । अहिलेजस्तो हात हातमा मोबाइल र फेसबुकजस्ता प्रचारप्रसारका माध्यमको त कल्पनै गर्न सकिँदैनथ्यो । तर त्यतिबेला पाठकहरु बढी आलोचनात्मक थिए, राम्रो साहित्यको छनोट गर्न सक्षम थिए र अहिलेकोभन्दा कम क्रयशक्ति भएर पनि पुस्तक किनेरै पढ्थे ।

त्यसैले अहिले प्रचारका माध्यमको वृद्धिसँगै चर्चा र परिचर्चाको क्रममा बढोत्तरी हुनु अस्वाभाविक होइन । तर यता आएर केही ठूला प्रकाशनगृह, तिनका साहित्यिक पृष्ठ संयोजक, स्तम्भकार र प्रकाशनहरुका बीच अस्वस्थ गठबन्धन भएर स्तरीय साहित्य चर्चामा नआउने र तिनै प्रकाशकका प्रकाशन र केही तिनीहरुसँग पहुँच भएका अनि कुस्त खर्च गर्नसक्नेको अत्यधिक चर्चा हुने खालको वातावरण सिर्जना भइरहेछ जुन स्वस्थ्य साहित्यको विकासमा सकारात्मक नहुनसक्छ । यसरी नै नेपाली साहित्यलाई अहिले विज्ञापन कलाले बढी प्रभाव पारेको देखिँदैछ । मिडियामा पहुँच हुने र कुस्त पैसा कमाएर नाम खोज्न लेख्ने/लेखाउनेहरुको बोलबाला हुँदै गरेको देखिन्छ ।

६. **साहित्य महोत्सवप्रति कति लगाव राख्नुहुन्छ ? भइरहेका साहित्य महोत्सवहरुप्रति अग्रज लेखक, अग्रज सम्पादक र साहित्यिक सङ्गठनको अगुवाको रूपमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

✍ साहित्य महोत्सवजस्ता तामझाम र हाटबजारिया मनोविज्ञानमा मेरो विश्वास छैन । साहित्यमा सिनेजगतको अनुकरण गर्दै सेलिब्रेटी बन्ने

बनाउने प्रचलन पनि मलाई साहित्यमा उपयुक्त लाग्दैन । अनुमान गर्नुहोस् त, साहित्य महोत्सवका नाउँमा जहिले पनि, जता पनि मिडिया नेक्ससभित्रका तिनै केही सीमित अनुहारहरुको उपस्थिति र अपरिपक्व आलाकाँचा आयोजकहरुको गतिविधले के इङ्गित गर्छ ?

७. **अहिले लेखकहरु धेरै खण्डमा विभाजित छन्। सानासाना स्वार्थका नि समूह छन्। तर पहिला विचारका आधारमा स्पष्ट कित्ताकाट थियो प्रगतिशील वा प्रजातान्त्रिक भन्ने एकथरी धारणा नि सुनिन्छ। के यो सत्य हो ? के अहिले लेखनमा प्रगतिशीलता भन्दा फाइदा र घाटा हावि भएर गएको हो ?**

✍ वैचारिकताले अहिले बजार अर्थतन्त्रको पोल्टामा पुगेर आत्मसमर्पण गरिसक्यो। अहिले सहित्य विचारमा नभएर गुट, समूह र संस्थागत नेतृत्व तथा नियन्त्रणका साथै स्वार्थसमूहका हातमा पुगेर आफ्नो गरिमा र प्रभावकारिता गुमाउँदैछ।

८. **साहित्यकारको सङ्ख्या बढेजस्तो स्तरमा भने अपेक्षित रुपमा माथि उठ्न सकेन कि ? यहाँलाई के लाग्छ ?**

✍ अवश्य, सङ्ख्यात्मक प्रतिस्पर्धार्का आधारमा स्तर जति माथि उठ्नुपर्ने हो त्यति उठ्न सकेको छैन । सही मूल्याङ्कनको अभावमा स्तरीय लेखकहरू पछि पर्ने, पाखा पर्ने र चर्चा नहुने तर गुट बनाएर हिँड्ने, खर्च गर्नसक्ने र ठूला मिडियासँगको संलग्नता हुनेहरू अत्यधिक चर्चामा आउने गरेको कारण पनि यस्तो लागेको हुन सक्छ। स्तरीय लेखन भने हुँदै नभएको होइन । पुस्तक प्रदर्शनीहरूमा पाठकको रुचि हेर्ने हो भने त्यतातिरै बढी ध्यान गएको देखिनुले पनि यसको पुष्टि गर्छ

९. **नेपाली साहित्यको औंल्याउनुपर्ने कमजोर पक्ष के के देख्नुहुन्छ ?**

✍ मैले देखेको, जीवनको भोगाइको अध्ययनका क्रममा सतही अध्ययनमा आधारित छ आजको नेपाली साहित्य ।

१०. **अन्त्यमा मैले सोध्न छुटाएको तपाईंलाई नभनी नहुने लागेको कुनै विषय छ ?**

✍ छैन, यहाँका प्रश्नले प्राय सबै कुरा समेटेका छन्, धन्यवाद् । ❐

# निरञ्जन पन्तको उपन्यास 'निक्षिप्त रक्तबीज'



ठाकुर शर्मा भण्डारी

पिता रामराज पन्त र माता सीता पन्तका सुपुत्र निरञ्जन पन्तको जन्म २००८ साल असार ३ गते नयाँ बजार, काठमाडौँमा भएको हो । शिक्षामा स्नातकोत्तर (वाणिज्यशास्त्र, विशिष्ट श्रेणीमा) सम्मको अध्ययनका साथै पेसागत हिसाबबाट अवलोकन गर्दा लेखापरीक्षक (महालेखा परीक्षकको विभाग, २०३३-२०३४), शाखा अधिकृत (जुट विकास संस्थान विराटनगर, २०३५-२०३६), अधिकृत (शानेवानि, २०३६-२०४३), संस्थापक सदस्य (नेपाल ग्रीन्डलेज बैंक, २०४३-२०४८), वरिष्ठ प्रबन्धक (एभरेस्ट एयर, २०४८-२०५७), लेखा तथा प्रशासन प्रमुख (गोर्खा ब्रुअरी, २०५४-२०५७), हाइसेफ (२०५७-२०६१), नायव महाप्रबन्धक - एभरेस्ट एक्सप्रेस टुर्स एन्ड ट्राभल्स, २०६७-२०७४) आदिमा कार्य सम्पन्न गरेको देखिन्छ ।

नेपाली साहित्यको कृतिगत लेखन र केही टेलीफिल्महरू (सन्तोष पन्त) मा पटकथा संवादलेखन (तिमी एक्लो छैनौ, दोषी को ?) र नेपाल

वन (क्रिएटिभ डाइरेक्टर) आदिमा विशेष योगदान रहेको देखिन्छ।






अहिलेसँा प्रकाशित उनका कृतिहरू हुन् : निक्षिप्त रक्तबीज (उपन्यास, २०४३ दोस्रो सं. २०७५), तपस्या (उपन्यास, २०५५), संसृष्टि (कथासङ्ग्रह, संयुक्तलेखन २०५६), स्वीकृति (उपन्यास, संयुक्तलेखन २०६१)। विभिन्न सङ्घ/संस्थामा संलग्नतामा आजीवन सदस्य (पन्त स्मृति प्रतिष्ठान) र कोषाध्यक्ष (दृष्टिविहीन बालबालिका शैक्षिक केन्द्र) रहेका छन्।

निरञ्जन पन्तको लेखन मूलतः आख्यान विधा हो, अत्यन्त सूक्ष्म दृष्टिकोणबाट समाजलाई हेर्ने र स-साना विषवस्तुलाई पनि कलात्मक तरिकाबाट प्रस्तुत गर्ने शैली प्रभावकारी रहेको छ। खुला हृदयका व्यक्तितत्व भएका कारणले पनि प्रत्येक लेखनमा केही न केही सन्देश प्रवाह भएको देखिन्छ। आफ्नो संस्कृति परम्परालाई अन्धोभक्त भएर होइन कि खुला हृदयले स्वीकार गरी राम्रा नराम्रा पक्षलाई हेर्ने दृष्टि भएमा समाजमा विकृति-विसङ्गतिले ठाउँ पाउन सक्दैन भन्ने दृष्टिकोण स्रष्टा निरञ्जन पन्तको रहेको छ।

यसको शीर्षकले कता कता रक्तबीजभन्दा त्यही पौराणिक कालको रक्तबीजको सम्झना आउँछ तर त्यो होइन कि सङ्कलन वा राखिएको (बैंकमा पैसा राखे झैँ) भन्ने अर्थमा जीवन रक्तबीज हो, यो नभई हुँदैन भन्ने धारणा छ।

उपन्यासकारद्वय 'इनि' (इन्दु पन्त र निरञ्जन पन्त) का 'युगललेखन उपन्यासहरू पनि छन्, त्यहाँ भनिएको पनि छ -"हामी पति-पत्नीबीच कविता, कथा, निबन्ध जे लेखे पनि एकको रचना अर्कोलाई सुनाउने, सुन्ने र दुवैको भावनात्मक स्वीकृति प्राप्त गरेपछि मात्र अरूलाई देखाउने गर्दथ्यौँ। एवं प्रकारले गर्दा हामी दुईको जिब्रोले लिने स्वाद भिन्दाभिन्दै भए तापनि साहित्यिक

रसानुभव बारे कहाँ, कति र कस्तो वाक्य र रसले ठिक्क पार्नुपर्ने हो, त्यसको कोसिसमा एक अर्काको विचारलाई नजिकैबाट जान्न सक्यौँ ।

यसरी दुवै स्रष्टा-द्रष्टाको विचारबाट पनि यो उपन्यासको शैली, विचार र सामाजिक नारी जीवनको यथार्थलाई उद्घाटन गर्ने उपन्यास रहेको देखिन्छ र यो निरञ्जनको उपन्यास पनि शायद त्यसैगरी आयो कि !

उपन्यासको कथा - समाजमा रहेको आदर्श परम्परालाई नछोडीकन यथार्थवादी एवं सामाजिक दृष्टिकोणलाई काल्पनिकताको धरातलमा उभ्याएर समदृष्टिमा कथानकलाई अगाडि बढाइएको छ ।

प्रत्यक्षतः समाजमा देखिने, भोगिने गरेका राम्रा पक्षहरूमा माया, प्रेम, सद्भाव, कर्तव्य, व्यावसायिक दृष्टिकोण सूक्ष्मरूपमा रहेका विसङ्गति अवस्थालाई प्रस्तुत गरिएको छ । यसमा सङ्क्षिप्त विवेचना गर्दा समाजिक सन्दर्भमा विभिन्न अवस्था विशेष, परिवेश विशेष, परिवार विशेष, व्यक्तिविशेष, सामाजिक दायित्व विशेष आदिमा देखिएका समस्त अनुभूतिलाई देखाएर समाजको यथार्थलाई प्रस्तुत गर्ने उपन्यासको उद्देश्य रहेको छ, तसर्थ उपन्यासको लेखनकला, शब्दसंयोजनमा उपन्यास सफल रहेको देखिन्छ ।

'निक्षिप्त रक्तबीज' उपन्यासमा यथार्थ जीवनको झझल्को दिने कथावस्तुलाई काल्पनिकताको साँचोमा ढालिएको छ । त्रिविमा स्नाकोत्तरमा अध्ययन गर्ने क्रममा रा.वि.से सञ्चालन थियो । त्यस समयमा पोखरास्थित लेखनाथको जन्मथलो अर्घौंपौवाअन्तर्गत रहेको लक्ष्मी आदर्श मावि सिसियामा साथी गेहेन्द्रमान बज्राचार्यसँग जाँदाको अवस्थालाई लिएर त्यहाँको सामाजिक एवं धरातलीय अवस्थाको वर्णन रहेको छ ।

यसको कथावस्तुमा - हृदयराजको प्रारम्भिक अवस्थामा प्रजातान्त्रिक विद्यार्थी समूहका कुरादेखि सम्भिने सन्दर्भ, अरू विद्यार्थीको साथै शुभेच्छा साथ सहयोको सन्दर्भ, हृदयराज र शुभेच्छाको प्रेम प्रसङ्ग, घुम्न गएका कुराहरू, उनले दुःख पाएको र बच्चा मर्नुका साथै शुभेच्छा पनि दिवङ्गत भएको मार्मिकता र मैले जीवनमा धेरै दुःख दिएँ भन्ने भावनाबाट विक्षिप्तता जागृत भएको कुरा, राविसेसँग सम्बन्धित मागहरू (पृष्ठ ७९-८६) आदि कथा

एकातिर छ भने त्यस वेला विद्यार्थीको समयमा  हृदयले यो काम गर्छु भनेर अठोट गरेपछि विभिन्न बाधा-व्यवधान आइपरे पनि गरी छाड्ने प्रवृत्तिलाई विभिन्न पात्रहरूको माध्यमबाट दिइएको छ ।

साथी दुर्घटनामा परेपछि आफ्नो रगत दिएर बँचाएको छ । त्यहाँ कुनै जात-पात, उच-नीच भन्ने हुँदैन रगत जसको भए पनि हुन्छ जीवनका लागि । यो भेदभाव कसरी हुन्छ भन्ने सामाजिक अवधारणालाई कथामा भित्र्याएर एउटा नवीनतम सन्देश दिन खोजिएको छ । उपन्यासभरि हृदयराज र शुभेच्छा छाएका छन् । यहाँ अनेक पात्र छन् - विद्यार्थी, अध्यापकवर्ग, गाउँले पात्रहरू छन् र काठमाडौँ र पोखराको परिवेशका साथै ग्रामीण भेगको परिवेशमा उपन्यास रचिएको छ ।

यसमा संवेदनशीलताका छिटाहरू सर्वत्र रहेका छन् । यहाँ आदर्श छ, सामाजिक यथार्थ छ । विद्यार्थी जीवनमा समाजको अवलोकन गरेपछि कुन किसिमका तरङ्ग उठ्दा रहेछन् र क्रान्तिकारी चेत उदाउँदो रहेछ भन्ने यथार्थ प्रस्तुत भएको छ । सुधारवादी भावना यहाँ पाइन्छ किनकि त्यस समयको शैक्षिक क्षेत्रको अवस्था र सामाजिक चेतनाको अवस्था अत्यन्त दयनीय थियो, त्यसैले पनि विद्यार्थीहरू गाउँमा जाँदा देखेको र भोगेको भावना व्यक्त भएको छ ।

शैलीगत रूपमा हेर्दा भाषा जटिल नभएर सरल छ, विभिन्न कारणले पात्रका मनमा उब्जिएका कुराहरू खुलस्त रूपमा आएका छन् । त्यसका पनि आ-आफ्नै सीमा हुन्छन्, आ-आफ्नै व्यथा हुन्छन् । सामाजिक विषयवस्तु कथ्यका साझा कुरा हुन् । परिस्थितिले उब्जाएको मानसिक क्रियाकलाप घृणा, द्वेष, माया ममता आदि समष्टिगत रूपले मान्छेको चित्रण यसमा अङ्कित भएका छन् । जीवनको यथार्थ बोध गराउने 'विक्षिप्त रक्तबीज' उपन्यास रहेको देखिन्छ । यो वियोगान्त उपन्यास हो । मार्मिक छ, सरल र भावुक छ, मननयोग्य छ ।

❐ ❐

*धुम्बाराही, काठमाडौँ ।*

(लघुकथा)

# समानता



सुशीला खाण देउजा

खै कसरी हो सानीको श्रीमान्ले काठमाडौं पसेको केही बर्षमै पाँच तले घर ठड्यायो । कसरी बनायो यो सानीको टाउको दुखाई थिएन । उसलाई जोरीपारीको जस्तै आधुनिक सुविधा सम्पन्न पाँच तले घर चाहिएको थियो । त्यो उसले पाई । त्यसै त्यसै घमण्डले चुर्ण छे । रातो रात धनाढ्यमा गनिएकी, जीरोबाट एकै चोटी हीरो बनेकी सानीलाई कसै सँग बोल्न मन लाग्दैन । टोलमा सबै भन्दा ठूलो घर उसैको छ । ऊ साना घर भएका मान्छेलाई मान्छे नै गन्दिन । पाच तले घरको कौशीबाट तल हेर्दा आफूलाई निकै ठूली भएको महसुस गर्छे । छेउकै एक तले घरकी महिला सानी सँग बोल्न, हिमचिम बढाउन मन गर्छे । गमक्क गम्किएकी सानीको दम्भले आँखामा जालो लाग्छ । छिमेकीलाई आफ्नो बराबरीको नठान्ने ऊ टोलमा हतपति कसैसँग पनि बोल्दिन ।

२०७२ साल वैशाख १२ गते नेपालमा महाभूकम्प आयो । हजारौंको ज्यान गयो । हजारौं मान्छे घरबार बिहीन भए । सानीको घरलाई पनि नराम्रो सँग

हल्लायो। घरभित्र बस्न सक्ने त कुरै भएन। आत्तिएका उनीहरु सबै एकै चोटी सडकमा पुगे । प्रकृतिले समानता चाहेको जस्तो को ठूलो घरको को सानो घरको सबै एकै ठाउँमा जम्मा भए। आफूलाई टोलभरिकी ठूली ठान्ने सानीको सेखी झऱ्यो। हल्लिरहेको जमिनमा आफूलाई सन्तुलित राख्न त्यही एक तले घरकी महिलाको पाखुरा च्याप्प समाती। बारम्बार आइरहेको कम्पनले सबैको मुटु नराम्रोसँग हल्लिरहेको थियो । घरभित्र पस्न सक्ने कसैको आट थिएन । सबैजना आफनै ठूलो घरसँग डराएर टाढा खुल्ला ठाउँमा बसे।

साँझसम्ममा टोलवासी मिलेर पाल टाँगे। कतैबाट चिउरा दालमोठ र पानीको पनि व्यवस्था भयो । त्यही भुईमा सबै थचक्क बसे। बीचमा कागज बिच्छ्याएर चिउरा दालमोठ राखे । भोकाएका सबैले त्यहीबाट लिँदै खाए । विपद्मा ज्यान जोगाउन, एक अर्काका बलियो सहारा जस्तो बने। रातमा टोल बासी सँगै सानी पनि सडकमै एकै ठाउँमा गुडुल्किएर सुती।

❒ ❒

(कविता)

## बकुल्लाहरू

केदार श्रेष्ठ



*केही थान बकुल्लाका बचेराहरू*
*हाँसको बथानमा जान्छन्*
*र स्वघोषणा गर्छन्*
*"अहिले कुरुप हुँला, तर म राजहाँस हुँ।"*

*तलाउमा माछामात्र देख्ने बकुल्लाहरूले*
*आफ्नो अनुहार देख्ने तलाउ कहाँ पाउलान् ?* ❒

(व्यक्तित्व चर्चा)

# कवि एवं गीतकार हरिभक्त कटुवाल

*"मलाई नसोध कहाँ दुख्छ घाउ*
*म जे छु ठीकै छु विथोल्न नआऊ।"*



विरह, वेदना, कुण्ठा, निराशाको स्थितिलाई सटिक रुपमा प्रस्तुत गर्ने प्रसिद्ध गीतकार तथा कवि हुन् हरिभक्त कटुवाल । उनका यी यस्ता विरह-वेदनाका गीतलाई प्रसिद्ध गायक नारायणगोपाल लगायत थुप्रै चर्चित गायक गायिकाले गाएका छन् । यिनका गीत मात्रै होइन कविताले पनि उत्तिकै मानवीय संवेदना बोकेका छन् । भनिन्छ यिनका गीत र कविताहरु पाठकहरुले पढ्न थालेपछि पाठकवर्ग त्यत्तिकै भावनामा डुब्ने गर्छन् । उनको यही असाधारण प्रतिभा देखेर राजा महेन्द्रले वि.सं. २०२४ मा भारतको आसामबाट नेपालमा साहित्यिक सिर्जना गर्न बोलाएका थिए । भारतको आसाममा छँदा नै उनको चारवटा प्रकाशित भइसकेको थियो । त्यतिखेर उनले आफ्नो नाउँको पछाडि "प्रवासी" भनेर राख्ने गर्दथे, कारण आफ्नो मुलुक छाडेर विदेशमा बस्नेलाई "प्रवासी" भन्ने गरिन्छ ।

जब नेपालमा आएर साहित्य सिर्जना गर्न थाले त्यसपछि "प्रवासी" उपनामलाई हटाइदिए । हुन पनि नेपालमा आएपछि नै उनका गीत र कविता चर्चित हुन थालेका हुन् । उनले नेपाली साहित्यमा केही नवीन प्रयोग पनि गरे, जस्तो कि हवाईपत्रिका (हवाई पत्रमा छापिएको साहित्यिक पत्रिका), बान्कीजस्तो लघुपत्रिका (गोजिका) निकाल्ने प्रथम नेपाली साहित्यकार पनि हरिभक्त कटुवाल नै हुन् । उनका कालजयी गीत र कविताका सुन्दर बान्कीहरुले नेपाली साहित्य फाँटमा अमिट छाप छोडेको छ ।

हरिभक्त कटुवालको जन्म वि.सं. १९९२ भदौ २५ गते मंगलबार भारतको आसाम राज्यको डिब्रुगढ जिल्लाको बोगिबिल भन्ने गाउँमा भएको थियो । भारतको आसाम राज्य यस्तो राज्य हो जहाँ धेरै नेपालीहरुको बसोबास क्षेत्र हो । उनका बाबु वीरबहादुर कटुवाल र आमा विष्णुमाया कटुवाल थिइन् । उनी कसरी आसामको प्रवासी नेपाली हुन पुगे त भन्ने सन्दर्भमा खास कारण हो उनका हजुरबाबा संखुवासभा जिल्लाको चैनपुरबाट आसाममा बसाइँ सरेर गएका थिए । त्यतिबेला उनका बाबु ८ वर्षका मात्र थिए । यसरी हरिभक्त कटुवालको जन्म भारतको आसाममा वीरबहादुर र विष्णुमायाको जेठो सन्तानको हुन पुग्यो । हरिभक्तले प्राथमिक शिक्षा स्थानीय बोगिबिल प्राइमरी स्कुलमा र म्याट्रिक (एस.एल.सी.) सदरमुकाम डिब्रुगढको जर्ज हाइस्कुलबाट उत्तीर्ण गरेका थिए । आई.ए. भने उनले प्राइभेट परीक्षा दिएर उत्तीर्ण गरे । बी.ए. अध्ययन गर्दै गर्दा उनको घरको आर्थिक अवस्था अत्यन्त कमजोर हुँदा निरन्तरता दिन सकेनन् बरु आर्थिक अवस्था सुदृढ गर्न ए.ओ.सी. स्कुलमा पढाउन थाले । विश्वविद्यालयस्तरीय पढाइलाई अगाडि बढाउन नसके पनि हरिभक्त कटुवाल आसामी, नेपाली, हिन्दी, अंग्रेजी, बंगाली र उर्दू गरी ६ भाषामा राम्रोसँग बोल्न र बान्की पारेर लेख्न सक्थे । पढाइमा अत्यन्त रुचि हुँदाहुँदै पनि आर्थिक अभावले उनलाई साथ दिएन । पढाइका अलावा कटुवाललाई साहित्य, संगीत, खेलकुद, अभिनय र चित्रकलामा रुचि राख्ने बहुआयामिक प्रतिभाका धनी थिए । तर कहिल्यै जिन्दगीलाई सहजरुपमा अगाडि बढाउन अर्थोपाजन गर्न नसकेकोमा ठूलो दुखेसो थियो । त्यही दुखेसोलाई शान्त पार्न

रक्सीको साहारा लिन गर्थे । पछि त्यही रक्सी सेवन नै घातक लत हुन पुग्यो । आसाममा पढाउन थालेको केही समयपछि जागिर पनि छुट्यो । गुजरा चलाउन तरकारी पसल खोले त्यसबाट पनि घाटा लाग्यो । त्यसपछि होटल व्यवसायतिर लागे । उनको ठूलो कमजोरी भनेको कुनै पनि कुरामा धेरै समय टिक्न नसक्नु थियो । होटेल व्यवसायबाट पनि वाक्क दिकक भएर होटेल बेचे र अधिकांश समय जिन्दगी बेरोजगारी नै बिताए ।

यसो त जिन्दगी सधैँ एउटै सरल रेखामा बग्दैन भनेझैँ वि.सं. २०२४ मा राजा महेन्द्रले हरिभक्त कटुवाललाई साहित्य सिर्जना नेपाल बोलाएपछि काठमाडौँ आउनासाथ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा जागिर पाए । जिन्दगीले हल्का कोल्टे फेर्न थाल्यो । आफ्ना परिवारलाई आसामबाट काठमाडौँ नै झिकाए । उनको अर्को कमजोरी भनेको जो कसैसँग हाकाहाकी कुरा गर्थे आफूभन्दा ठूलालाई जाकडी गर्न जान्दैनथे । यही कमजोरीले गर्दा एकेडेमीको जागिर पनि चिप्लिए । त्यसपछि जीवन बाँच्ने क्रममा साझा प्रकाशनमा अस्थायी जागिर पाए । त्यो जागिर पनि केही दिनपछि छुटेपछि साहित्यिक पत्रपत्रिका अभिव्यक्ति, रुपरेखा आदिमा सम्पादनको काम गर्दै जिन्दगीलाई जेनतेन चलाइरहे । आखिर हत्तु भएपछि आफ्ना स-परिवारलाई उतै आसामतिर पठाइदिए र आफू चाहिँ यही काठमाडौँमा खिरिलो, जिन्दगी बाँचिरहे । काठमाडौँमा उनी राम्रोसँग टिक्न नसक्नुको कारण कहिले नागरिकता प्रमाणपत्र नभएको निहुँ, कहिले शैक्षिक योग्यता कम भएको निहुँ झिक्दै सम्बन्धी निकायका हाकिमहरुले दुखो दिनु थियो । यी यस्ता कुराहरुले हरिभक्त कटुवाललाई काठमाडौँप्रति वितृष्णा बनायो र यही दिक्दारीले गर्दा कहिल्यै काठमाडौँ नफर्कने गरी आसाम फर्किए र जिन्दगीलाई पनि उतै बिसाए । यसरी हरिभक्त कटुवाललाई जिनदगीभर निराश र उदासले गिजोली रहे पनि साहित्यिक सिर्जना र सम्पादनमा भने अब्बल दर्जाका थिए । उनको सम्पादन गर्ने शैली शिल्प निकै बान्की परेको पठनीय हुन्थ्यो । उनले काठमाडौँ छँदा मुक्ति, हिमालय, प्रज्ञा, हिमानी, संगीत, सरिता, बान्की, अभिव्यक्ति, डाली आदि साहित्यिक पत्रिकाहरुको समपादन गरेका थिए, जुन हरिभक्त कटुवालकै सम्पादनका कारण खुब बिक्री हुने

गर्दथ्यो । गीत-कविता सिर्जनामा त उनी छुरा नै थिए । सरल शब्दशैलीमा सबैको मन छुने सिर्जना गर्न सक्ने खुबी थियो । वि.सं. २०२० मा उनले "आकाशका तारा के तारा ?" शीर्षकको कवितामा रोयल नेपाल एकेडेमी अर्थात् हालको राजकीय प्रज्ञा प्रतिष्ठानबाट "रोयल नेपाल एकेडेमी पदक" र मान प्राप्त  गरेका थिए । यसै गरी सोही समय ताक वि.सं. २०२४ मा "यो जिन्दगी खै के जिन्दगी" शीर्षकको कविताले दोस्रो देशव्यापी साहितय सेमिनारमा सर्वश्रेष्ठ भएर स्वर्ण पदक प्राप्त गरेका थिए । मूलतः उनको रचना शिल्पमा निराशा, कुन्ठा, वेदनाका सिर्थति उजागर भएको पाइन्छ । नहोस् पनि किन जिन्दगीभर उनलाइ अपुग, अभाव र उदासले मात्र साथ दिइरह्यो । यही पीडामा विरक्तिएर बहुमुखी प्रतिभाशाली कवि हरिभक्त कटुवालले २०३७ साल असार १८ गते भारतको आसाममै सदाको लागि आँखा चिम्लिए । नेपाली साहित्यको लागि उनको निधनले अपुरणीय क्षति पुऱ्यायो । उनको यही प्रतिभाको कदर गर्दै उनको नाममा थुप्रै स्मृतिग्रन्थहरु निस्केका छन् । उनको कृति थोरै भए पनि बिछ्ट्टै मन छुने गीत र कविताले गर्दा नेपाली साहित्यमा कहिल्यै बिर्सनै नसकिने नाम भएका छन् ।

निकै सरल, सरस र सुन्दर कविता तथा मन छुने बान्की परेको गीत लेख्ने हरिभक्त कटुवालका कृतिहरु यस प्रकार रहेका छन् :-

(क) गीतसङ्ग्रह : सम्झना (वि.सं. २०१८)

(ख) खण्डकाव्य : सुधा (वि.सं. २०२१)

(ग) कवितासङ्ग्रह : भित्री मान्छे बोल्न खोज्छ (वि.सं. २०२०), पूर्व किरण (वि.सं. २०२१)

जिन्दगी खै के जिन्दगी (वि.सं. २०२९), बदनाम मेरा यी आँखाहरु ।

(घ) कथासङ्ग्रह : स्पष्टीकरण

स्मरणीय रहोस् यज्ञबहादुर कटुवालद्वारा सम्पादित गीतकार हरिभक्त कटुवालमा यिनको बहुआयामिक प्रतिभा र व्यक्तित्वबारे चर्चा गरिएको छ ।

❐ ❐

*प्रस्तुति : भीम राना 'जिज्ञासु'*

(निबन्ध)

# योगी मोहनदाससँग एकै छिन्



शीतल गिरी

योगी मोहनदासलाई बिर्सेर, अहिलेको मूर्तिया बुझ्न सकिन्न, बस्ती राम्ररी बसीनसक्दै जंगलको बीचमा उहाँको कुटी थियो, बिस्तारै गाउँ बस्दै गयो– आफ्ना शिष्य र गाईहरूमा मस्त भएर रमाइरहेका उहाँलाई भेटेको मलाई अहिलेझैं लाग्छ। योगी मोहनदास नामले मात्र साधु थिएनन्, हृदयदेखि नै सेवा भाव जागृत भएका मानवताका पुजारी थिए, संगत गर्नेले यस्तै भनेका थिए। मूर्तिया नामबाटै अनुमान गर्न सकिन्छ, त्यहाँ थुप्रै मूर्ति होलान् भनेर। सर्लाही जिल्लाको प्रसिद्ध हाट बरहथवाको उत्तर दिशामा नजिकै छ मूर्तिया। त्यहाँ ढुङ्गा र माटोको ढिस्कोको रूपमा प्राचीन देवस्थलको भग्नावशेष छ।

भग्नावशेषको छेउमा दक्षिणपट्टि सानो मन्दिर थियो तीसको दशकको प्रारम्भमा।

मन्दिरका पुजारी र योगीहरूलाई बस्न पश्चिमतर्फ एउटा घर थियो। घरको आँगनमा धुनी थियो जस्को पूर्वतर्फ ठूलो चिम्टा र त्रिशूल गाडिएको थियो।

भरखरै बस्ती बस्दै थियो– योगी र गाउँलेहरूका जमघट साँझ बिहान त्यहीँ हुने गर्थ्यो, गाँजाको धूवाँ उडिरहन्थ्यो ।

यो समय भनेको मूर्तिया क्षेत्रमा राजनीति पीडितहरूलाई जग्गा बाँड्दाको हो र त्यहाँ रहनु भएका योगी मोहनदास बारे सम्झनामा रहेको शब्दको रूपमा राख्दैछु ।

उहाँको जन्म पुर्वी पहाडको ओखलढुङ्गामा भएको भनी भन्थे गाउँले । उहाँ बडो शुद्धसँग नेपाली, हिन्दी र अंग्रेजी बोल्नुहुन्थ्यो ।

उहाँ धुनीमा रमण गर्न आएका गाउँलेहरूलाई ज्ञानगुनका कुरा गर्दै गर्दा मैले देखेको छु । उहाँको बोलीमा मिश्री घोलिएको समान मिठास रहेको मैले अनुभूत गरेको हुँ ।

उहाँमा वनमा उपलब्ध जडीबुटीको बारेमा राम्रो ज्ञान थियो ।

मैले सुने अनुसार वनका औषधीय गुण भएका लहरा, पात, बोक्रा, मूल, फल र फूल संकलन गरी औषधी बनाइरहनु हुन्थ्यो । गाउँलेहरूलाई जडीबुटीको पहिचान र औषधी बनाउने विधिका बारेमा पनि प्रवचन दिने गर्नु हुन्थ्यो । उहाँ ६० वर्षको उमेर पार गर्दा पनि भरखरको हठ्ठाकठ्ठा नै लाग्नु हुन्थ्यो । उहाँले राम्रो नस्लका पन्द्रवटा जति दुधालु गाई पनि पाल्नु भएको थियो ।

साठी वर्षे उमेर पार गर्दा पनि कर्मशील हुनुहुन्थ्यो, एकछिन पनि चुपचाप बस्न नसक्ने र आफ्नो कामप्रति भने एकदम दृढ । सेताम्य हुन थालेको दाह्री सुहाएको, मुखमा चमक थियो जसमा उहाँको सरल हृदयको भाव झल्किरहेको हुन्थ्यो र जो कसैलाई पनि आफूतिर आकर्षित गर्दथ्यो ।

उहाँको मुख गोलो थियो । आँखा केही साना थिए मानौं केही खोजिरहेका होऊन् ।

उहाँको नाक अपेक्षाकृत सानो र नाकको टुप्पो बाटुलो थियो । उहाँ योगी मोहनदासको नामबाट प्रसिद्ध हुनुहुन्थ्यो । आश्रममा मानिसको भीड सदा रहने गर्थ्यो, धेरैजसो त योगीजीले बनाउनु भएका बनौषधी लिन आएका पाएको थिए ।

योगीजीले वितरण गर्ने औषधी जङ्गली जडीबुटीबाट आफैंले तयार पारेका हुन्थे । अर्क, गुर्जोको लहराको रसबाट, मेवाको दूधबाट बनाएको

पाउडर, केराको थामभित्र छत्तीस घण्टा राखेको सुपारीको कुड्का, यसका साथै गानो गुर्जोको कुड्का, त्रिफला चूर्ण इत्यादि निशुल्क बाँड्नु हुन्थ्यो ।

बिहान जङ्गलमा जानु– जडिबुटी खोजेर ल्याउनु र त्यसलाई पानीले राम्ररी धोइपखाली उमालेर, सुकाएर, पिसेर, काटेर औषधी बनाउँनु अनि दिउसो वितरण गर्नु । बेलुका तरकारी बारीमा काम गर्नु । त्यसपछि केही समय गाईको सेवा गर्नु नै उहाँको दिनचर्या थियो ।

योगीका तिनोटा शिष्य थिए गाई हेर्ने, तरकारी बारीको काम गर्ने र औषधी बनाउँने कार्यमा सघाउँने ।

एकदिन योगीजीले उनका शिष्य गजब बहादुर बस्नेतलाई भन्नु भएको थियो– जसलाई हामी भगवान् भन्दछौं, उहाँहरू साधारण मानिसहरूकै बीचमा जन्मिएका साधारण मनुष्य नै थिए, यसमा कुनै शंका छैन तर उहाँहरूको भावना साधारण स्तरका मानिसहरूका भन्दा धेरै माथि उठेको थियो र साथै हृदयको असाधारण गहराइसम्म पुगेको थियो । उहाँहरूको देवत्व (देवताको शक्ति)को जुन प्रचार अहिले छ त्यो भ्रमात्मक हो ।

झूठो के कारणले होइन भने जुन ऋषि, मुनि र ज्ञानी पण्डितहरूले भगवानको देवत्वको प्रचार प्रसार गरेका थिए तिनीहरू देवताको असाधारण भावना-शक्तिद्वारा कतिसम्म प्रभावित भएका थिए भने देवत्वको अतिरिक्त अर्को कुनै कल्पना नै गर्न सक्दैनथे । त्यस बखत आजको जस्तो उन्नति भएको थिएन ।

मानिसहरू आ-आफ्नै गोत्रका साथ समूहमा बस्थे । हाम्रा पुर्वज आर्य, जो अहिले देवता (असीम शक्तिका मालिक) बन्न पुगेका छन्, उनीहरूले समाजमा एउटा राम्रो चलन चलाएका थिए ।

उनीहरूले समाजमा चलाएको राम्रो चलनको बारेमा वेदमा पाउँछौं, त्यस बेला नारीहरू युवा भएपछि समाजमा आफ्नो पति आफै रोज्न पाउँथे (ऋग्वेद १०।२७।२२) । यसको अर्थ त्यहाँ नारी पूर्ण स्वतन्त्र थिए ।

वैदिक समाजमा आजको जस्तो नारी दासी थिएनन् ।

नारीहरूले आफै आफ्ना पति रोजेपछि सबै मिलेर उत्सव मनाउने चलन थियो ।

ठूलाठूला मुढा जोडेर आगो बाल्दथे, पूर्णिमाको रातमा त्यस धुनीको वरिपरि नाचेर, गाएर, खाएर, पिएर उत्सव मनाउने चलन थियो ।

नवजोडीले अग्नि र गणका मानिसहरूलाई साक्षी राखी 'दुबै एक अर्काको पूरक बन्ने' बाचा गर्थे (ऋग्वेद) ।

त्यहाँ गणका सबै मानिसको मित्रता, मुटुको धुकधुकी पनि साझा थियो ।

यी सब तथ्यहरूबाट के प्रमाणित हुन्छ भने हाम्रा पूर्वज आर्य देवता धार्मिक नेता मात्र नभएर साम्यवादका पोषक, महान् क्रान्तिकारी र चिन्तक पनि थिए ।

देवता र वैदिक आर्यधर्मलाई लिएर केवल ऋषि मुनि र पुरोहितहरूले मात्रै हैन, बरु कविहरू र रहस्यवादीहरूले पनि अनौठो भावुकतापूर्ण विचारहरू जनसाधारणको मनमा भर्न पछि परेनन् ।

देवताहरूलाई एकदम सरल शान्त, विनयी, विनम्र, दीन, करूण र धर्मरक्षकको रूपमा प्रचार गरियो तर वास्तविकता यसको विपरीत थियो । जुन देवताहरूले गणका सम्पूर्ण मानिसहरूका साझा श्रम लगाएर खेतीपाती गर्नु, अन्न उब्जाउनु र पक्षपात नगरी बाँडेर खानु (अथर्ववेद) भनेका थिए ती देवता मानिसहरूलाई दास र मालिकको रूपमा कसरी हेर्न सक्थे र ? त्यसैले हाम्रा पूर्वज आर्यहरूले भन्ने गर्थे– 'छुवाछुत नगरी, कसैलाई सानो ठूलो नमानी, समानताको भावना राखी एउटै संघमा रही, एउटै विचार बनाई, सबको उन्नतिको आकाङ्क्षा राखेमा सबको कामना पुरा हुन्छ' (ऋग्वेद १०।१९।१३) । योगी मोहनदासजीको कुरा श्रवणगरे पछि मेरो मनमा पनि दृढ विश्वास भयो– संसारमा कम्युनिज्मको सबैभन्दा ठुला र पहिलो प्रचारक हाम्रा पूर्वज आर्य अग्रज नै हुन् ।

आफ्नै किसिमले साम्यवाद (समानता) को प्रचार गर्दै आर्य अग्रजहरूले भनेका छन्– "धर्ती सबैको आमा हो । आमा सबैको साझा हुन्छ । आमाले आफ्ना सन्तानमा पक्षपात गर्दिनन् । साझा धर्तीमा बस्ने सबै मानिसहरू समान छन्, कोही ठुलो, कोही साना छैनन्" (ऋग्वेद) ।

हाम्रा पूर्वज ऋषिहरूले समानताको एउटा मूल मन्त्र बनाएका थिए जो

उनीहरूले पालन गर्दथे– "सँगै हिंडौं, सँगै बसौं, बाँडी खाऔं, मिलेर सब बाँचौं (ऋग्वेद) । यस्तो पवित्र विचार पाए हाम्रा आर्य ऋषिहरूका, तर यता आएर पूर्वज ऋषिहरूका पवित्र विचारलाई आफ्नो ढङ्गले तोड-मरोड गरेर, आ-आफ्नै किसिमले व्याख्या गर्न थालियो ।

स्वर्गनर्कका कुरा, पुनर्जन्मका कुरा, जातपातका कुरा, छुवाछुतका कुरा यी सब पछि पो बनेका रहेछन् त । सामन्तको र पुरोहित वर्गको स्वार्थका लागि देवताहरूलाई अति शक्तिमान भनियो र शोषक वर्गको हित हुने कुरोलाई धर्म र अहित हुने कुरो पाप भन्न थालिएछन् । जनतालाई पथभ्रष्ट बनाउन मनगढन्ते कथा जोडेर पुराण आदि लेखिएका रहेछन् । एकदुई व्यक्ति बाहेकका अधिकांश व्यक्तिहरू देवत्व (देवताको शक्ति) को भ्रममा परी नाना कुराहरू लेख्न पुगेछन् । आज हाम्रो अगाडि जुन "हिन्दू धर्म" छ रहस्य नै रहस्यले जेलिएको छ । कतिसम्म जेलिएको छ भने यो कटु सत्य बुझेको धार्मिक व्यक्तिले पनि जनताका अगाडि प्रष्टसँग भन्न सक्दैनन् ।

यथार्थ बुझेका धार्मिक विद्वान्ले सही सत्य कुरो आफ्नो प्रवचन अथवा पुस्तकमा व्यक्त गरेमा "नास्तिक" भनी त्यस्तालाई धर्मका ठेकेदारले दुःख कष्ट पुऱ्याउँछन् । हो, मोदनदास जस्ता योगीले आफ्ना खास एक दुई व्यक्ति जस्मा गजब बहादुर बस्नेत पनि थिए– हो उनलाई यथार्थ बताएका थिए, वर्तमान परिप्रेक्षमा देश, जनता र सम्पूर्ण मानवजातिको मुक्तिको एकमात्र मार्ग भनेको जनताको सेवा गर्नु, संगठित बन्नु र साम्यवादको प्रचार गर्नु हो । मार्क्सले बताए अनुसार संगठित भएर संगठनात्मक पद्धतिमा बाँधिएर मोहनदासले कम्युनिज्मको प्रचार प्रसार त गरेका थिएनन् तर कुनै न कुनै रूपबाट भने जनताको सेवा गरेकै थिए । उहाँबाट ज्ञान पाएका गजब बहादुर जनतालाई सत्यको प्रकाशद्वारा सचेत गराउन जीवनभर लागि परे । अन्यायको विरोध गर्न र सदिऔंदेखिको अन्यायी परिपाटी हटाई न्याय र समानताको परिपाटी बसाल्न धेरैले प्राणको आहुति दिए । अहिले म झलझली योगी मोहनदास सम्झदै छु । भित्री हृदयदेखि मानव सेवामा समर्पित उनको रूप मेरो हृदयमा अंकित छ । मानव सेवी मोहन दासलाई नमन । मानवतावादी-मार्क्सवादी महात्मालाई नमन ।

❒ ❒

(कविता)

# आकाशको क्षेत्रफल



अमृत

*आकाश घैँटोमा देखिन्छ*
*आँखामा देखिन्छ*
*सागरमा देखिन्छ*
*ऐनामा देखिन्छ*
*बग्दै गरेका नदीहरूतिर देखिन्छ*

*भन*
*तिमी कुन आकाशको*
*आकार देख्न चाहन्छौ*

*आकाश त*
*घरका झ्यालहरूमा पनि भेटिन्छ*
*शीतका थोपाहरूतिर भेटिन्छ*
*जुठेल्नातिर भेटिन्छ*

*भन*
*म तिमीलाई कुन आकाश देखाऊँ*

*चाहन्छौ भने*
*तिमीलाई मनको आकाश दिनेछु*
*जहाँ जहिल्यै प्रेमको आश्चर्य*
*देख्नेछौ ।*

❐ ❐

(कविता)

# एउटा प्रेम कविता हुनबाट वञ्चित कविता



विश्व सिग्देल

*अन्तिम भेटमा*
*अपराधीले आफ्नो चुप्पी सिनित्त धोएजस्तो*
*तिमीले बटुल्न चाह्यौ सब कुरा*
*पुछ्न चाह्यौ, मेट्न चाह्यौ*
*आफूले साथै ल्याएका*
*तमाम फूल, पात, पत्कर*
*पहाड, बैंसी, जङ्गल*

*आफू जाँदा साथै जान्छन् ठान्यौ*
*शिशिर र वसन्तका लुकाचोरी*

*तिमीले थुतेका काँडा*
*मर्काएका हाँगा*
*लुछेका फूलका पीडा र खुशीका आद्यरूप*
*सबै आङमा लिएर*
*कविजस्तै बाँचिरह्यो*
*एउटा प्रेम कविता हुनबाट वञ्चित कविता ।*

❒ ❒

(अग्रज कविको कविता)

# नेपाल



सिद्धिचरण श्रेष्ठ

*नेपाल प्यारो र पवित्र देश*
*सौन्दर्य धारा बहने अशेष ।*
*सङ्गीतको मूल फुटी विशाल*
*छल्की रहे झैं लयबद्ध छाल ।।*

*पाना खुला पर्वत पत्रपत्र*
*छन् वर्ण झैं वृक्षलता विचित्र ।*
*खोला, चराको ध्वनि गुह्य मन्त्र*
*नेपाल सिङ्गै बहुमूल्य तन्त्र ।।*

*नयाँ जीत अनेक जोड्दै*
*यो देशको इज्जत मान थप्दै ।*
*ज्यामी, सिपाही र किसान सारा*
*छन् आज हाम्रा बलिया सहारा ।। ❐ ❐*

(अध्यात्म)

# ध्यान साधना



प्रा.डा. अच्युतमणि आचार्य

*श्रेयो हि ज्ञानमभ्यसाज्ज्ञानद्ध्यानं विशिष्यते ।*
*ध्यानात्कर्म फलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ।।*

श्रीमद्भगवद् गीताको १२ अध्यायको १२ औँ श्लोकमा भगवान कृष्णले अर्जुनलाई भन्नुभएको छ कि- हे अर्जुन, ज्ञानको साधना सबैभन्दा ठूलो छ, ज्ञानभन्दा ध्यान श्रेष्ठ छ र ध्यानमा लागेपछि कर्म फलको त्याग गर्न लगाउँछ जसबाट निरन्तर शान्ति प्राप्त गर्न सकिन्छ ।

साढैँ ५ हजार वर्ष पहिले नै श्री कृष्ण, जो प्राणी मात्रको गुरुका पनि गुरु हुनुहुन्छ । परा र अपरा शक्ति दुवैका आधार हुनुहुन्छ । मनुष्य मात्रको हितका लागि यस्ता गहन कुराहरु सिकाएर छाड्नुभएको छ कि हामीले केही अंश मात्र पनि मनन् गरी प्रयोगमा ल्याउन सके जीवन शान्तिका साथ बिताउन सक्दछौँ ।

यही ज्ञान-ध्यानलाई आजको युगमा हाम्रा सन्तहरुले सरलीकृत गरी हामीलाई सम्झाउँदै आउनुभएको छ । श्री रामकृष्ण परमहंसको भनाइ

अनुसार ध्यान अध्यात्म पथको मार्गदर्शक हो । ध्यानमा आएको गहिराईले अध्यात्मताको परिपक्वताबोध गराउँदछ । जसलाई ध्यान सिद्ध छ । उसलाई अध्यात्मसिद्ध छ । परम गन्तव्य-परमात्मामा पुग्ने मार्ग धेरै छन् । ध्यान साधना एक ज्योति हो जुन ज्योतिको सहाराले हामी आफ्नो परम गन्तव्य परमात्मा प्राप्त गर्न सक्दछौं ।

परमहंस स्वामी विवेकानन्दको शब्दमा त नास्ति ध्यानं विना ज्ञानमंः । ध्यान हुदैन, ज्ञान नभइकन । ज्ञानीलाई स्वतः ध्यान स्फुर्त हुन्छ । ध्यानमा सफल भएपछि शान्ति प्राप्त हुन्छ ।

परमहंस योगानन्द त ध्यानलाई अझ सरलीकृत गर्दै झन् महत्व दिनुहुन्छ । योगानन्दको मतअनुसार ज्ञानबाट ध्यान गर्न सजिलो हुन्छ । तर ध्यानबाट मात्रै पनि ज्ञान प्राप्त गर्न सकिन्छ । उहाँका अनुसार ज्ञानबाट ध्यान र ध्यानबाट ज्ञान दुवै हुन्छ । यस कारण उहाँको उपदेशमा त ‘सय काम छोडी स्नान गर तर हजार काम छोडी ध्यान गर ।’ ध्यानको महत्व उहाँले कति दिनुहुँदोरहेछ, यसैबाट पनि प्रष्ट हुन्छ ।

सन्त ओशोको भनाई अनुसार संसारको कल्याण मार्ग ध्यान मार्ग नै हो । उहाँ भन्नुहुन्छ- केही नगरी आँखा चिम्लेर, सोचविचारलाई मिल्काएर खाली बस्नुहोस् ध्यान आउँछ । मनलाई निर्विषयमा राख्नु नै ध्यान हो ।

बौद्ध ग्रन्थहरुमा पनि ध्यानलाई अति महत्व दिएको पाइन्छ । बज्रयानी सिद्ध सरहपाका अनुसार ध्यानमा अनेक अनुभूतिहरु प्राप्त हुन्छन् । ध्यान गर्दा विभिन्न किसिमका प्रकाशहरु देखिनु, आँखाको सामुन्ने अनेकौं अलौकिक दृश्यहरु देखिनु, आनन्दको अनुभूति हुनु आदि कुराहरुलाई कोही कोही ध्यान साधनाको सिद्धिको रुपमा लिन्छन् । तर यो यथार्थता होइन । उपरोक्त अनुभूतिहरु त साधक ध्यानको मार्गमा हिँड्दै रहेछ भन्ने बुझाउने कुराहरु मात्र हुन् । तर वास्तविक ध्यान सिद्धितिर लम्केको छ वा छैन भन्ने जाँच्ने निम्न कुराहरुको प्रगतिलाई नापेर, तौलेर मात्र बुझ्न सकिन्छ । महासिद्ध सरहपाका अनुसार साधकले आफ्नो ध्यानको प्रगति र सफलताबारे जाँच्न सात मापदण्डहरुलाई गौरगरी नियाल्ने गर्नुपर्दछ । ती निम्न हुन्-

१. **आहार संयम** : ध्यान साधनामा लागेको व्यक्तिको आहार सात्विक हुन्छ। 'आयु सत्व वला रोग्य सुख प्रीति विवर्धना' भनी गीतामा भनिएको छ। आहारबारे अर्को कुरा लध्वाशी याने साधकको आहार कम मात्रको भोजन गर्ने होस् भनी भनिएको छ । परमहंस योगानन्दजीको भनाईमा त 'शरीरलाई चलाउन आवश्यक पर्ने मात्रामा मात्र भोजन गर्नुपर्दछ। स्वादका लागि भोजन गर्नु अनुचित मानिन्छ।'

२. **वाणी संयम** : धेरैजसो मनुष्य वाणी संयम भनेको मौनधारण गरी बस्नु हो भन्ठान्छन् । जसरी आहार संयम भनेको उपवास मात्र गर्ने भनेको होइन, त्यस्तै वाणी संयम भनेको बेकारका कुराहरुबाट परै बस्ने मात्र भनिएको हो । गफ, झैँ-झगडाबाट टाढै रही अप्रिय र अपशब्दहरुको प्रयोगबाट बच्न सके वाणी संयम भएको मान्न सकिन्छ। गीतामा भनिएको छ- अनुद्वेगरं वाक्यं सत्यं प्रियहितं च यत् । स्वाध्यानभ्यासनं चैव वाङ्पयं तप उच्चते ॥ (१७/१५) उद्धेग नगराउने, प्रिय र हितकर, यथार्थ कुरा गर्ने शास्त्र पढ्ने, अध्यास गर्ने यस्तो कर्मलाई वाणी सम्बन्धी तपस्या भनिएको छ। यसैले ध्यान साधनामा लागेका व्यक्तिहरुमा वाणी संयम कति भएको छ। ध्यान प्रगतिको रुपमा आउँछ।

३. **जागृति** : आन्तरिक जागृति र वाह्य जागृति, दुवै यस जागरुकताभित्र पर्न आउँछ। कतिपय ध्यान साधकहरु भन्छन् ध्यानमा बसेपछि निद्रा आउँछ। आन्तरिक जागृतिको अभावमा यस्तो हुनसक्छ। तर जागृति भएपछि निद्रा कम हुन्छ। सन्त ओशो त भन्नुहुन्छ- निद्रा आए सुत, प्रकृतिसँग झगडा नगर, तर उठ र फेरि ध्यानमा बस । अभ्यास गर्दै गएपछि मात्र बाह्य तथा आन्तरिक जागृति सम्भव हुन्छ। सांसारिक कर्तव्य तथा उत्तरदायित्वको बोध तथा सुक्ष्म शरीर र परमात्माप्रतिको चेतनाको ज्ञानले जागरुकताको सोपान चढ्न सकिन्छ।

४. **द्वेषको समापन** : प्रायः सबैजसो मनुष्यमा एकपछि अर्को इच्छाहरु उब्जिरहन्छन्। सबैको सबै इच्छा कहिल्यै पूर्ण हुनसक्दैन। इच्छा पूर्ण नभएपछि मानिसले दोष अर्को माथि थुपार्ने गर्दछन् । यसबाट द्वेष उत्पन्न हुन जान्छ । अनि हामी यसैमा उल्झन्छौं । सुल्झाउन खोज्छौं फेरि माकुराको जालोमा बाँधिदै जान्छौं। गीतामा पनि उल्लेख भएको छ- इच्छाद्वेष समुथ्तेन द्वन्द्व मोहेन

भारत। सर्व भूतानि सर्गे यन्ति परन्तप। (७/२७) यानी सबै जीवहरु मोहित स्थितिमा जन्म लिन्छन् र इच्छा द्वेषबाट उत्पन्न द्वन्द्वमा परेर अल्मलिन्छन्। ध्यानका सफल साधकका मनबाट इच्छाहरु क्रमशः कम हुँदै जान्छ। किनकि उसले बुझ्दै जान्छ, यस संसारमा पाउनु केही छैन। न त केही लैजानु नै छ। जे भइरहेछ परमात्माकै इच्छा बमोजिम भइरहेछ। जे हुनेवाला छ सो पनि परमात्माकै इच्छा अनुसार हुनेछ। भला चाहेर र इच्छा गरेर के पो हुन्छ र? नपाए दोष कसलाई दिने? दोष कसैलाई नदिएपछि द्वेष कसरी हुने?

**५. दुःखको अभाव** : ध्यानका सफल साधकलाई दुःखले छुन सक्दैन। साधकको चेतना स्थिर भई निर्मल पनि भइसकेपछि, अभेद्य कवच लगाएको मानिसलाई हतियारले घाउ लाउन नसके झैँ, दुःखले पनि स्पर्श गर्न सक्दैन। महर्षि पातञ्जलिले दुःख भनेको चित्तको चञ्चलताको परिणाम मात्र हो भन्नुभएको छ। जसको चित्त जति चञ्चल छ, उसलाई दुःख पनि उत्ति हुन्छ। चञ्चल चित्तको मनुष्य सानोसानो घटनाले पनि दुःखी हुने गर्दछ। तर स्थिर चित्त भएका मनुष्यलाई ठूलो दुःख पर्दा पनि विचलित हुँदैनन्। बेफिक्री रहन्छन्। गीतामा भनिएको छ (६/२२) न दुःखेन गुरुणापि विचाल्यते।

**६. श्वासको संख्यामा कमी** : ध्यान साधनामा सफलतातिर बढेपछि मानिसको श्वास-प्रश्वासको संख्यामा कमी आउँदै जान्छ। सबैलाई थाहा भएकै कुरा हो। जब मानिस रिसाउँछ वा हतारिन्छ। उसको श्वासप्रश्वास तीव्रता आउँछ। आवेशमा आउँदा वा बढी खुसी हुँदा पनि श्वासको गति बढ्दछ। ध्यान साधनामा लागेका मानिसहरुमा देखिने स्थिर चेतना र आवेश शून्य स्थितिले गर्दा श्वासको गति कम हुन्छ। आफ्नो साधना कति सफल भएछ भनी जाँच्ने यो सबैभन्दा सरल र सहज तरिका हो। जुन जोकोहीले पनि आफैँ अनुमान लगाउन सक्दछ।

**७. संवेदनशीलता** : ध्यान साधना सफलताको यो एउटा सबैभन्दा श्रेष्ठ मापदण्ड हो। भाव-संवेदनाको जागरण जति बढी हुन्छ उति साधना प्रगाढ हुँदै भएको बुझ्न सकिन्छ। यसैगरी गहिरो ध्यान हुनेलाई नै प्रगाढ भाव संवेदनशीलता आएछ भन्ने बुझ्नुपर्छ। साधकको करुणामा वृद्धि हुन्छ।

यदि करुणशीलता बढेको छैन भने वा पहिलेभन्दा फरक परेको देखिँदैन भने साधकको साधनामा प्रगति आएको छैन भन्न सकिन्छ। परिवारप्रति, छिमेकीप्रति, साथीभाइ, सहयोगीहरु सबैसँग बढी करुण, बढी संवेदनशील हुन गएको छ भने साधना प्रगतिको मार्गमा छ भन्ने बुझ्नु पर्दछ। स्वार्थीपना, अहंकारिता आदिमा कमी आउनु पनि साधनाको फल प्राप्त हुन गइरहेको भन्ने तर्फ संकेत गर्दछ।

माथि उल्लेखित उपलब्धीहरु हप्ता वा महिनामा प्राप्त हुने होइनन् । ध्यान साधनामा लागेर वर्षौं बिताएपछि मात्र माथिका परिवर्तनहरु दृष्टिगोचरमा आउन थाल्छन् । साधनाको सफलताहरु आफूलाई बिस्तारै महसुस हुँदै जाने र आफ्ना वरिपरिकाहरुले पनि परिवर्तनहरु नियाल्दै जाने हुनसक्छ।

उपरोक्त सात किसिमका परिवर्तनहरुको जाँच, ध्यान साधना गर्ने मानिसले निरन्तर गरिरहनुपर्दछ। केही अड्चन, समस्या देखिन्छ भने यथासमयमा त्यसको निरोपण स्वयंले वा गुरुको मद्दतद्वारा गर्दै जानुपर्दछ।

याद राख्नु पर्ने कुरा यो पनि छ कि मानिसको शरीर र मन कुन गुणमा पर्दछ । यदि सत्वगुण प्रधान छ भने साधनाको सफलता शीघ्र प्राप्त हुन्छ । रजोगुण सम्पन्न छ भने सत्वगुणीले भन्दा बढी प्रयत्न गर्नुपर्दछ । तमोगुणी छ भने त यत्न त अझ बढी गर्नैपर्छ । तमोगुणीले प्रयत्नका साथ एकैपटक सत्वगुणीले पाएको जस्तो सफलता पाउन भने निकै कठिन हुन्छ । यी तीनै गुणका व्यक्तिहरु प्रकृतिका पैदावर हुन् । गीतामा भनिएको छ-

*सत्वं रजस्तम यति गुणाः प्रकृतिसंभवाः । (५/१४)*
*निवन्धन्ति महावाहो देहे देहिनमव्ययम् ।।*

प्रकृतिको नियमलाई पनि प्रयत्न गरिरहे केही मात्रामा परिवर्तन ल्याउन सकिन्छ भन्ने कुरा पनि गीतामा भनिएको छ। यसकारण आयाम, व्यायाम र मन्त्र जप आदिको नियमपूर्वक पालना गरी शरीर र मनलाई स्थिर राखेर ध्यान गर्न सके रज र तम गुणीलाई पनि असहज नहुने कुरा धेरैले प्रमाणित गरी देखाइसकेका छन् ।

मन अति चञ्चल छ । हावालाई समातेर जसरी राख्न सकिँदैन त्यस्तै मनलाई स्थिर बनाउनु पनि कठिन मात्र नभएर अति कठिन काम हो ।

गीतामा अर्जुनले भगवानलाई भन्नुभएको छ-

*चञ्चलंहि मनः कृष्ण प्रमाथि वलवद्दृढमू । (६/३४)*
*तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥*

भगवानले जवाफ दिनुभएको छ-

*असंशयं महावाहो मनो दुर्निग्रहं चलम् ।*
*अभ्यासेन तुकौन्तेय वैराग्येण च गृहयते ॥*

हामीहरु पनि साधना गर्दागर्दै हतारिन्छौं । फल नपाएमा दुखित हुन्छौं । यसैबखत हामी माथि राजसी अनि तामसी गुणहरु प्रवेश गर्दछन् र साधना शिथिल हुन्छ । यस्तो हुन नदिन सतर्कता साथ गुरु सामीप्यमा क्रम जारी राख्नुपर्दछ। यसैमा सफलता चिश्चित छ। अस्तु।

*ॐ भद्र कर्णेभ्यः श्रृणुयामः देवा भद्रं*
*पश्येमाताक्षिभिर्यत्रजास्तिरेंरंगैस्तुष्टुवां सस्ततूभिब्यशेम देवहितं*
*यदायुः ।*
*ॐ शान्तिः शान्तिः शान्तिः ।*

❒ ❒


## साहित्यिक पत्रपत्रिका पढ्ने गरौं

**रचना, अभिव्यक्ति, हाम्रो पुरुषार्थ, दायित्व, शिवपुरी सन्देश, जनमत, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, नवप्रज्ञापन, अक्षरमार्ग, जमघट, चेतना सन्देश, कल्पतरु, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, दोभान, वैजयन्ती, शब्दसंयोजन, वनिता, अभिनव, कथालिका, संगम, अभियान, आलेख आदि साहित्यिक पत्रिकाहरु पढ्ने गरौं ।**

***साथै अनलाइनमा स्वर पत्रिका डटकम र केटाकेटी अनलाइन डटकम बालपत्रिका पनि पढ्ने गरौं ।***

(कविता)

# दुई कविता



दीपक न्यौपाने

## १. मान्छे भेटिएको सूचना

*बाटो हराउन सक्छ*
*गन्तव्य हराउन सक्छ*
*तर, हिँड्दा हिँड्दै, एकाएक*
*मान्छे कसरी हराउन सक्छ ?*

*भिडमा मिसिएको हुन सक्छ*
*भिडबाट बाहिर निस्किएको हुन सक्छ*
*तिमीले खोजेकै ठाउँमा, तिमीले खोजेकै बखत*
*तिमीले खोजैकै मान्छे त*
*खै कसरी भेटिएला र !*

*तिमीले खोजेनौ भन्दैमा*
*तिमीले ठम्याउन सकेनौ भन्दैमा*
*तिमीले फेला पारेनौ भन्दैमा*
*कोही मान्छे बेपत्ता हुन सक्दैन*
*कोही मान्छे गायब हुन सक्दैन ।*

*मैले त धुइँपत्ताल खोजेर*
*कैयौँ मान्छेहरू भेटेको छु,*
*कोही निदाइरहेका थिए मुटुभित्र*
*कोही छट्पटाइरहेका थिए धड्कनभित्र*
*कोही छेलिएका थिए आँखाहरूभित्र*
*कोही अल्मलिएका थिए सपनाहरूभित्र*
*तर, कोही पनि हराएका थिएनन् ।*

*खोजी गर्दा भेटिन पो सक्छ*
*मान्छे कसरी हराउन सक्छ हँ ?*
*तिमी नै भन न*
*कसरी हराउन सक्छ मान्छे ?*

## २. खबर

*परदेशमा दुःख खेपेर*
*गाउँमा जसोतसो बनाएको*
*त्यो नयाँ घरको भित्ता रंगाउने*
*ठुलो रहर थियो उसकी आमाको ।*

*रंगिन भित्तामा*
*ठुलो रंगिन टिभि राखेर*
*देशविदेशका खबर हेर्ने*
*कत्रो सपना थियो उसको बाउको ।*

*घरको भित्ता पोत्नै नपाई*
*एउटा गज्जबको टिभिसमेत किन्न नपाई*
*उ परदेशमै बितेको खबर*
*भर्खरै उसको घरमा आइपुगेको छ ।*

❒ ❒

(कविता)

# जिन्दगी



मुस्कान पाण्डे

*जन्मदेखि देहान्तसम्मको*
*यात्रा हो यो जीवन*
*कहींकतै ठक्कर खाई*
*अघि बढ्नु हो जीवन ।*

*अनेकौं काल्पनिक सोचहरूको*
*रङ्गमञ्च हो जीवन*
*त्यही कल्पनाहरू बटुलेर*
*रङ्ग्याउने कला हो यो जीवन ।*

*गाउँदा गला बस्न सक्छ,*
*नाँच्दा पाउ फस्न सक्छ*

*सोच्दा दिमाग थाक्न सक्छ*
*शब्दको झटारोले डस्न सक्छ*
*अनि लेख्न खोज्दा यी हात काँप्न सक्छ*
*तर, परिस्थितिसँग झुल्दै जानु*
*जिन्दगीले दोस्रो मौका पनि दिन सक्छ !!*

*सपनाहरू सजाउँदा*
*विपनीमा यो मन रम्न सक्छ*
*तर, बाध्यता र बिछोडको खेल हो यो जीवन*
*यो सास जस्तै खुसी पनि लुटिन सक्छ !*

*जीवन कहिले उकाली जस्तो*
*जीवन कहिले ओराली जस्तो*
*अनेकौं भयानक गल्लीहरूमा*
*शीतल यो एउटा छहारी जस्तो ।*

*जीवन कहिले हार जस्तो*
*जीवन कहिले नमिठो भार जस्तो*
*काँडैकाँडाको तारमा अल्झेको यो*
*अनेकौं अनुभवको उपहार जस्तो ।*

*नसोध्नु कसैले बाँच्नुको अर्थ के हो ?*
*नभुल्नु कसैले जीवनको मर्म के हो ?*
*नआँत्तिनु सम्झेर जीवनका गोरेटोहरू*
*किनकि*
*बाँचुन्जेलको संघर्ष नै यो जिन्दगी हो ।*

*तानीतुनी मिलाएर*
*अक्षरहरू मैले गाँसे*
*खुम्चिएका ती सफेद*
*पन्नालाई सम्हालेर*
*कलमको सहाराले*
*कहीँकतै केही कोरेँ*
*म कलमसँगै खेलिरहेँ*
*शब्दहरू महसुस गरिरहेँ*
*अन्त्यमा लेख्न चाहेँ-*

*गाडे सड्छ*
*जलाए खरानी हुन्छ*
*आखिर के नै हो र यो मानिसको जीवन*
*बाँचुन्जेलको आश*
*अनि मरेपछिको लास*
*कि त जमिनमुनिको बास*
*कि त्यही ठूलो मुढोबाट*
*हर्हर्ती दन्केको आगोको गाँस !!*

*सोचेजस्तो हुन्न जीवन*
*चाहे जस्तो हुन्न जीवन*
*कथाभित्रको कथा हो यो जीवन*
*मेरै कविताको एक एक शब्दहरू हो जीवन !!*

❐ ❐

# गजल



सरला श्रेष्ठ

*तिमीलाई दुखेको बेला पटकपटक म दुखेको छु।*
*तिमी रोएको देख्दा धेरैपटक म आफैं रोएको छु।*

*आखिर खै गर्न पो के सकें र मैले चाहेर पनि तिम्रो लागि*
*जिन्दगीको बाटोमा एक्लो तिमीलाई हेर्दै लाचार म उभिएको छु।*

*न तिम्रो आँसु पुछ्न सकें न आफ्ना खुसीहरू नै बाँड्न सकें*
*देख्न नसकी तिम्रा पीडाहरू आफैंले पाइलाहरू मोडेको छु।*

*नभन्नु मलाई 'निष्ठुरी' भनी, बरु बुझिदिनू मेरा विवशताहरू*
*कयौंपटक मैले तिम्रो लागि मनैदेखि भगवानलाई सम्झेको छु।*

❒ ❒

*-हाल : च्याम्बर्सवर्ग, पेन्सिलभानिया, संयुक्त राज्य अमेरिका।*

(चलचित्र)

# 'हामी बालफिल्म हेर्न चाहन्छौँ' : उठेका आवाजहरू



- कार्तिकेय घिमिरे

"हामी बालफिल्म हेर्न चाहन्छौं", "हाम्रा लागि फिल्म खोई ?" 'हामी फिल्म हेरेर रमाउन चाहन्छौं, जहाँ हामीजस्तै, हामीजत्रो नायकले नायिकाले हामीलाई रोमाञ्चित बनाउन्, हँसाउन्, रुवाउन् र जीवनमा सधैं अघि बढ्न प्रेरित गरुन् ।'

यी आवाजहरू सडकमा उठेका आवाजहरू होइनन् । न त सदनमा नै उठेका आवाजहरू हुन् । तर यी आवाजहरू प्रत्येक नेपाली बालबालिकाहरूको स्पन्दनमा उठेका आवाजहरू हुन् । प्रत्येक नेपाली बालबालिकाहरूको धड्कनमा उठेका आवाजहरू हुन् ।

फिल्म निर्माणका हिसाबले कलिउड अहिले निकै चम्केको छ । हिजोको जस्तो वर्षमा एका-दुई फिल्म बन्ने कलिउडमा अहिले दर्जनौं फिल्म बन्छन् । ती फिल्महरूले कलाकारहहरूलाई पनि हिजोको तुलनामा

आज राम्रै क्रेज मिल्ने गरेको छ। यसरी समग्रतामा हेर्दा आज नेपाली फिल्मी जगत् विगतको तुलनामा उकालो लागेको छ। केही न केही मात्रामा भएपनि नेपाली फिल्मको सर्वाङ्गिण पक्ष सवल भएको छ। जसमा हामीले सन्तोष र गर्व गर्नुपर्ने थुप्रै ठाउँहरू बनिसकेका छन् । जुन सबै नेपालीका लागि आत्मसम्मानको विषय हो। तथापि तिनै नेपालीको परिभाषाभित्रै अटाउनुपर्ने बालबालिकाहरूले भने आफ्नो भाषामा आफ्नो वर्गको फिल्म हेर्न पाएका छैनन् । अर्थात् हाम्रा बालसाथीहरूले नेपाली भाषामा बालफिल्मको दर्शन गर्न पाएका छैनन् । नेपाली फिल्म निर्माणका सन्दर्भमा गुणस्तरीय र व्यवसायिक फिल्म निर्माणका हिसाबले कहलिएका हस्तिहरूका लागि एउटा गम्भीर प्रश्न सोध्नुपर्ने घडी आएको छ। ए निर्माता, निर्देशकहरू! के हाम्रा अड्चालीस प्रतिशत बालसाथीहरू नेपाली होइनन् र ? यदि हुन् भने खै त उनीहरूका लागि बालफिल्म ?

वास्तवमा फिल्म निर्माणका दृष्टिले विश्वमै अग्रणी स्थानमा रहेको बलिउडमा पनि बालफिल्म एकदमै थोरै बन्छन् र ठूलो बजेटमा त बन्दै बन्दैनन्। यो सत्य कुरा हो तथापि त्यहाँ भारतीय बालयुवा चलचित्र समितिकी अभिनेत्री जया बच्चन त्यसका लागि लागिपरेको खबरले एकपटक बलिउड तातेको थियो । त्यही सन्दर्भमा उनले बालफिल्म/डकुमेन्ट्रीले जागरण ल्याउन ठूलो भूमिका खेलेको समाचार पनि आएको थियो । यसैगरी



हलिउडमा पनि बालफिल्मका नाममा एक्स्ट्रा खालका केही मुभिहरूले विश्वकै बालबालिकाको ध्यान नखिचेका होइनन् । यही सन्दर्भमा अंग्रेजी भाषाकै फिल्म 'हेरिपोर्टर' को जादुबाट नेपाली बालबालिकाहरू पनि अछुतो रहन सकेनन् । बालफिल्म निर्माणको गति वास्तवमा भन्ने हो भने विश्वमै निकै सुस्त रहेको छ जसको प्रमुख कारण निर्माताहरूमा देखिएको व्यवसायिकता र समाजप्रतिको अनुत्तरदायी प्रवृत्ति पनि हो । त्यसैगरी सरकारले बालबालिकाको उमेर अनुकूलको मनोरञ्जनप्रति गर्ने वेवास्ता र सरकारको एउटा निर्दिष्ट कानुनी सहुलियतको अभाव एवं प्रोत्साहनको कमीजस्ता कारणहरूले एकदमै कम बालफिल्म बनिरहेका छन् । एक दशक अघि पूर्वी यूरोपका राष्ट्रहरूमा बालफिल्म केही बढी बन्थे साथै त्यहाँ बनेका बालफिल्महरूमा बाल मनोविज्ञानको निकै राम्रो र सन्तुलित विषयवस्तु र प्रस्तुतिको सहजताका कारण त्यसताका ती बालफिल्महरू बाल दर्शकले निकै रुचाउँथे ।

बालफिल्म निर्माणका सन्दर्भमा कुरा गर्दा हाँस्यविनोद, स्वेर कल्पना र यथार्थ संवेग एवं बालपात्रलाई उत्तरदायित्व तथा जिम्मेवारीप्रति सजग रहन प्रेरित गर्ने, भावुक बनाउने निर्देशकीय र कथानकको तत्कालीन खुबी वास्तवमै आजसम्म पनि एउटा अलग्गै विशेषता बन्न पुगेको छ । यथार्थमा आज बालफिल्म निर्माणका सन्दर्भमा विषयवस्तु फरक हुनसक्ला तर तात्कालीन बालफिल्मका अन्य पक्षहरू भने आज पनि हाम्रा लागि गतिलो मार्गदर्शन हुन् ।

आजको सन्दर्भमा नेपालका फिल्म निर्माताहरूले फिल्म बनाएर व्यवसाय गर्ने र कमाउने कुरा आफ्नो ठाउँमा सुधारिएको छ । तर तिनले म पनि नेपाली हुँ । मेरा पनि छोराछोरी र नातिनातिना छन् भन्ने कुरालाई पनि एकपटक मनन् गरिदिनु पर्ने आवश्यकता टड्कारो छ । यहाँ व्यापार र व्यवसायकै नाममा विविधखाले फिल्म फेस्टिबलहरूको आयोजना गरिन्छन् । नानाथरि शोहरू हुन्छन् तर नेपाल बाल संगठनले वि.सं. २०५७ मा दोस्रो अन्तर्राष्ट्रिय बालफिल्म महोत्सव आयोजना गरेदेखि यता कुनै पनि निकायले

बालफिल्म महोत्सव गरेका छैनन् । न त संगठनले नै पछिल्लो र दोस्रो जस्तै तेस्रो बालफिल्म महोत्सव आयोजना गर्न सकेको छ । यसरी आज पैसामुखी बन्दै गएको नेपाली समाजले समाजलाई नै उज्यालो बनाउने भविष्यका हातहरू बालबालिकालाई नै बिर्सिएको झैं प्रतीत हुन्छ । आज उनीहरूका लागि जसरी उपेक्षारुपी विषवमन भैरहेको छ त्यसले कलान्तरमा कि त एउटा नपुंसक मान्छे जन्माउँछ कि त विद्रोही लडाकु जन्माउँछ । जसले देशको लागि खै के कति देन दिन सक्छ, त्यो भने विडम्बनापूर्ण नै रहेको छ ।

आज आतंकवाद विरुद्धको लडाइँ लडिरहेको नेपाल जस्तो राष्ट्रको लागि सत्प्रतिशत बालबालिकाहरू सैनिकीकरणतर्फ आकर्षित भैरहेको यस विषम परिवेशको सन्दर्भमा एउटा असल बालफिल्मको कति महत्व हुनसक्छ भन्ने कुरा एउटा असल अभिभावक, एउटा असल आमा र एउटा असल बाल मनोविज्ञले मात्र अनुमान लगाउन सक्छन् । तसर्थ एउटा असल देशले देशको करिब आधा हिस्सा ओगटेर बसेका बालबालिकाहरूका लागि के दिने ? अश्लिलता, छाडापन, नाङ्गो संस्कृति, काटमार र व्यभिचारी प्रवृत्ति मात्र दिने कि शिष्टता, सौम्यता, प्रेरणा र आफ्नोपन दिने यो आजको गम्भीर विषय भएको छ । जसका लागि सबैले सजग हुनु आवश्यक छ ।

आज जुन रुपमा टिभी च्यानलका सस्ता सिरियलहरू, व्यक्तित्वलाई डम्पिङ गर्ने कार्टुन एवं भल्गर च्यानलहरूलाई तथा अतिवादी किसिमका मुभी हेरेर हाम्रा बालसाथीहरू अड्किरहेका छन् र कुहिरोको काग बनिरहेका छन् । त्यसले भोलिको नेपालको मानचित्र धुमिल देखिन थालेको छ । त्यसैले अब ढिलो नगरी प्रत्येक नेपालीलाई माया गर्ने नेपाली फिल्म निर्माण गरी देश र बालबालिकाप्रतिको आफ्नो दायित्व पूरा गर्ने घडी आएको छ । यसका लागि समस्त नेपाली बालसाथीहरूको तर्फबाट हार्दिक आह्वान छ । र, त्यही समूहको बोली सुन्नका लागि आग्रह छः “हामी बालफिल्म हेर्न चाहन्छौं ।”

❐ ❐

- *(साभार : युगसम्वाद साप्ताहिक, २०६० साल माघ २० गते मंगलबार)*

(विदेशी कथा)

# बाघ र केटा



प्रेमचन्द

आज एउटा गजबको कथा भन्न आएको छु। यो कथा भन्न पाउँदा मलाई नि रमाइलो लागिरहेको छ। कथा यसरी सुरु हुन्छ,

केही दिन पहिलेको कुरा हो । एउटा केटा गाईगोरु लिएर जङ्गलमा चराउन गयो । उसले गाईगोरुलाई जङ्गलमा चर्न छोडेर आफूचाहिँ एउटा झरनाको किनारमा माछा मार्न गयो । ऊ निकैबेर माछा मारेर बितायो । जब साँझ पर्न थाल्यो ऊ आफूले चराउन ल्याएका वस्तुभाउहरू खोज्न गयो। सबै गाईवस्तु भेला पारेपछि उसले थाहा पायो, एउटा गाई छैन। उसले जङ्गलमा सबैतिर खोज्यो तर गाई फेला पार्न सकेन। विचरा ऊ निकै डरायो। मालिकले आफूलाई मार्छ भनेर ऊ निकै आत्तियो । ऊसँग गाईलाई खोज्ने समय पनि थिएन त्यतिखेर । अरु गाईवस्तु पनि हराउलान् भनेर ऊ भएका वस्तुभाउ लिएर पहिले घर गयो। सबै वस्तुभाउलाई गोठमा बाँधेर कसैलाई केही नभनी जङ्गलमा हराएको गाई खोज्न निस्कियो। हेर, यति सानो केटाको हिम्मत !

अँध्यारो हुँदैछ, चारैतिर शुन्यता छाएको छ । जङ्गलबाट डरलाग्दो आवाज आइरहेको छ । झ्याउँकिरीको आवाज एकोहोरो आइरहेको थियो । तर, ऊ जङ्गलमा हिँडिरहेको थियो ।



केही समय त उसले गाई खोज्यो । तर जब अँध्यारो भयो, ऊ आफैँ डराउन थाल्यो । जङ्गलमा ठूलाठूला मानिस डराउँछन् । ऊ त एउटा सानो बच्चा थियो । कहाँ जाने भन्ने चिन्ताले उसलाई अँध्यारो जङ्गलमा सतायो । जब केही गर्ने उपाय नआएपछि ऊ रुखमा चढ्यो र त्यही रात काट्ने निर्णय गर्‍यो । गाई लिएरै घर फर्कने दृढ निर्णयका साथ रुखमा रात काट्ने विचार गर्दै चढ्यो । दिनभरि थाकेकाले उसलाई छिट्टै निद्रा आयो । निद्रालाई आरामदायी बिछ्यौना र खाट केही चाहिँदैन भनेको त्यसैले होला ।

अचानक रुख बेस्सरी हल्लियो । उसको निद्रा पनि ब्युझियो । ऊ झण्डै रुखबाट खसेन । सोच्न थाल्यो, रुख कसले हल्लाएको होला ? आँखा मिच्दै तलतिर हेर्दा उसका रौँहरू नै ठाडा भए । शरीरमा काँडा उम्रियो । ऊ चढेको रुखमुनि बाघ उसलाई खानको लागि बसिरहेको थियो । उसको ओठमुख सुक्यो । डरले रुखको हाँगालाई बेस्सरी समातेर बस्यो । उसको निद्रा हरायो ।

घण्टौँ बित्यो तर त्यो बाघ रुखको फेदबाट डेग चलेन । बाघ पटकपटक गर्जिँदै उफ्रिँदै केटालाई समात्ने कोसिस गर्थ्यो । कहिलेकाहीँ त केटाको यति नजिक आउँथ्यो कि ऊ डरले चिच्याउँथ्यो ।

मुस्किलले रात बित्यो । उज्यालो हुन लाग्यो । उसको मनमा आशा पलायो । उज्यालो भएपछि बाघ त्यहाँबाट जान्छ भन्ने लागेको थियो । तर बाघ त्यहाँबाट हिँडेन । पूरै दिन त्यही रुखको फेदमा बसिरह्यो । शिकार आँखैअगाडि देख्दादेख्दै त्यो किन त्यहाँबाट जान्थ्यो, रुखमा बस्दाबस्दै केटाको डर, भोक र प्यासले हालत खराब भइसकेको थियो । तर बाघ रुखको फेदबाट कतै डेग चलेको थिएन । त्यस ठाउँबाट केही पर झरना थियो । बाघ कहिलेकाहीँ त्यसतर्फ जान खोज्थ्यो । केटाले सोच्यो बाघलाई तिर्खा लागेको छ । यो पानी

खान गएका बेला म रुखबाट झरेर भाग्छु । नभन्दै बाघ झरना भएतिर गयो । केटा रुखबाट कसरी झरेर भागौँ भन्ने सोच्दासोच्दै बाघ पानी खाएर आयो । सायद उसले पनि केटा भाग्छ भन्ने बुझेरै हतारहतार आएको हुनुपर्छ । पानी पिएर आएपछि बाघ झन् बेस्सरी गर्जियो । केटालाई लाग्यो आफू रुखबाट खसे । उसका हातखुट्टा काम्न थाले । भोकले उसका हातखुट्टा पेटभित्रै पसेको भान हुन्थ्यो । यस्तै गर्दागर्दै त्यो दिन पनि बित्यो । रात पर्दै थियो । सायद बाघ पनि भोकले लखतरान भइसकेको थियो । ऊ आफ्नै अगाडि शिकार देखेर पनि खान नपाएको झोकमा अझैँ रिसाएको थियो । आज पनि एकादशी नै हुने भयो ? त्यो रात पनि बाघले केटालाई ताकेरै बितायो ।

तेस्रो दिन उज्यालो भयो । भोकले केटाका आँखा तिर्मिराइसकेका थिए । रुखको हाँगामा बस्न पनि उसलाई मुस्किल भइसकेको थियो । कहिलेकाहीँ त ऊ सोच्थ्यो कि बाघले समातेर खाओस् । उसले हात जोडेर भगवानसँग प्रार्थना गऱ्यो, हे भगवान, तिमी म गरिबलाई दया गर्दैनौ ?

बाघ पनि बस्दाबस्दै थाकिसकेको थियो । उसको शरीरमा पनि तागत सकिँदै थियो । ऊ त्यहाँ बसेर छिट्टै शिकार आफ्नो अगाडि आओस् भन्ने कामना गरिरहेको थियो । केटाले वरिपरि आँखा घुमायो । कोही सहयोग गर्ने भेटियोस् भन्ने आशामा उसले निकै परपरसम्म पनि हेऱ्यो । तर कही कसैलाई पनि देखेन । त्यसपछि ऊ निराश हुँदै चिच्याउँदै रुन थाल्यो । तर त्यहाँ उसको रोदन कसले सुन्ने ?

अन्त्यमा, उसलाई एउटा उपाय सुझ्यो/फुऱ्यो । ऊ रुखको टुप्पोमा चढ्यो र आफ्नो धोती खोलेर हावामा फरफराउन थाल्यो । सायद कोही सिकारीले उसलाई देखेर मद्दत गरुन् भन्ने आशाले उसले त्यसो गरेको थियो । एकाएक ऊ खुसीले उफ्रियो । उसको सारा भोक, प्यास र कमजोरी गायब भयो । झरनाको छेउमा बसेका धेरै मानिसले उसले उडाएको/फरफराएको धोती हेरिरहेका थिए । सायद उनीहरूलाई अचम्म लाग्दै थियो होला जङ्गलको रुखमा कसरी झण्डा फरफराइरहेको छ । जङ्गलमा झण्डा कहाँबाट आयो होला । केटाले त्यहाँ देखिएका मान्छेहरूको सङ्ख्या गन्यो- एक, दुई, तीन, चार ।

केटा चढेको रुख भएको ठाउँ केही गहिरो थियो । उसलाई लाग्यो यदि ती मानिसले मलाई देखे भने पनि उनीहरूलाई म बसेको रुखमुनि तीन दिनदेखिको भोको बाघ छ भन्ने कसरी थाहा हुन्छ । यदि मैले उनीहरूलाई होसियार गराइनँ भने त यो बाघले एक न एक जनालाई त सिध्याउँनेछ । यही चिन्ताले आफ्नो पुरै तागत लगाएर चिच्याउन थाल्यो । उसको आवाज सुन्नेबित्तिकै ती मानिसहरू रोकिए र आआफ्नो बन्दुक निकालेर ताक्न थाले । केटाले चिच्याउँदै, उनीहरूलाई होसियार गरायो । उसले- होसियार, होसियार रुखमुनि बाघ बसिरहेको छ, भन्यो ।

बाघको नाम सुन्नेबित्तिकै उनीहरू सावधान भए । झट्पट् बन्दुकमा गोली भरेर चुपचाप अगाडि बढे । बाघलाई के थाहा कि तल के भइरहेको छ । ऊ त आफ्नो शिकार कुरेर बसिरहेको छ । एकाएक मानिस हिँडेको आवाज सुनेर ऊ उठ्यो । उसले चार जना मानिसलाई चार दाना आँप जस्तै गरी हेर्‍यो । भोकले गर्दा उसले धैर्य गर्न सकेन । ऊ ती मानिसहरूमाथि जाइ लाग्यो । उनीहरू पहिले नै तयारी अवस्थामा रहेकाले एकैपटक चारैजनाले बाघलाई गोली चलाए । दन ! दन ! दन ! दन ! आवाज आयो । चराहरू रुखबाट उडेर भाग्न थाले । केटाले तल हेर्‍यो भुइँमा बाघ ढलेको थियो । फेरि एक पटक ऊ उफ्रियो र जमिनमा ओर्लियो । केटाको खुसीको कुनै सीमा थिएन । खुसीमा उसले भोक प्यास सबै बिर्सिएको थियो । हत्तपत्त उत्रिएर हेर्दा उसले आफ्नो मालिकअगाडि उभिएको देख्यो । ऊ रुँदै मालिकको पाउ पर्‍यो । मालिकले उसलाई उठाएर छातीमा लगाउँदै सोध्यो, के तँ तीन दिनदेखि यही रुखमा थिइस् ? केटाले हो, भन्यो । कसरी उत्रिनु रुखमुनि बाघ शिकार गर्न कुरिरहेको थियो । मालिकले भन्यो, हामीले त सोचेका थियौँ, तँलाई कुनै बाघले मारेर खाइसक्यो । हामी चारजना तीन दिनदेखि तँलाई नै खोजिरहेका थियौँ । तैँले केही नभनी किन निस्किएको ? केटाले भन्यो, गाई हराएकाले तपाईंलाई भन्न डर लागेको थियो । मालिकले भन्यो, अरे पागल । गाई त त्यसै दिन आफैँ घर आयो । भोक र प्यासले शक्ति हराए पनि केटो हाँस्यो ।

❒ ❒


*अनुवाद र प्रस्तुति : कार्तिकेय घिमिरे*

## व्यक्तित्व चर्चा

# कथाकार भवानी भिक्षु

मातृभाषा अवधि भएका नेपाली भाषा राम्रोसँग लेख्न र बोल्न नजान्ने व्यक्ति पनि नेपाली साहित्यका राम्रा कथाकार बन्न सक्छ भन्ने उदाहरणको रुपमा भवानी भिक्षुलाई लिन सकिन्छ। उनको वास्तविक नाम भने भवानीप्रसाद गुप्ता हो। उच्च मध्यमवर्गको बिग्रदो पारिवारिक तथा आर्थिक स्थिति, नारीवर्गको दमित यौनकुण्ठा, वासना, वियोगान्त, छटपटीलाई कथा शिल्पमा बुबी राम्ररी पस्कन खप्पिस कथाकार हुन् भवानी भिक्षु। उनी नेपालका राम्रा कथाकारका सूचीमा अघिल्ला पङ्क्तिमा पर्दछन। उनको चर्चित कथामध्ये "त्यो फेरि फर्कला ?" पनि एक हो।

भवानी भिक्षुको जन्म वि.सं. १९६६ जेठ २१ गते लुम्बिनी अञ्चलको कपिलवस्तुको "गोटी" भन्ने स्थानमा भएको थियो। उनको पिताको नाम इन्द्रप्रसाद गुप्ता थियो। उनी एक सामान्य परिवारका थिए। उनको मातृभाषा अवधि थियो। तराई क्षेत्रमा जन्मेकाले उनी राम्ररी नेपाली भाषा बोल्न थान्दैनथे। नेपाली भाषाको सामान्य शिक्षा मात्र पाएका थिए। तर हिन्दी भाषामा भने उनले साहित्यकुलभूषण परीक्षा उत्तीर्ण गरेका थिए। अर्थात् उनी हिन्दी भाषामा लेख्न र पढ्न प्रखर थिए। मातृभाषा अवधि भए पनि पछि उनले नेपाली, हिन्दी, उर्दू र अङ्ग्रेजी भाषाको पनि अध्ययन गरेका थिए। साहित्यमा उनको सानै उमेरदेखि अत्यन्त रुचि थियो। यही रुचिको कारण राम्रा साहित्यकार बन्न कपिलवस्तु जिल्लामा मात्र सीमित भएर होइन राजधानी काठमाडौँ गएर आफ्नो साहित्यिक प्रतिभामा निखार ल्याउनु पर्छ भन्न उनलाई राम्ररी चेत थियो। त्यही अनुरुप उनी आफ्नो प्रतिभालाई तिखार्न काठमाडौँ आए। उनले सोचे जस्तो काठमाडौँको बसाइ भएन। यहाँ बाँच्नका



लागि हरक्षण संघर्ष गर्नुपऱ्यो । आर्थिक समस्याले उनलाई जहिल्यै पिरौलीरह्यो । तर उनी एक समझदार विद्वान भएकाले दुःखमा पनि कहिल्यै आत्तिएनन् । त्यस्तो चरम परिस्थितिमा पनि नेपाली भाषा साहित्य सिर्जनामा निरन्तर लागिरहे । विशेष रुपमा कथा, कविता र उपन्यासमा उनको बढ्ता कलम चल्थ्यो । उनी निकै इमानदार थिए, यतिसम्म कि उनले बोल्दा कसैलाई ठेस पुग्ला कि भनेर तौली तौली शब्द ओकल्थे । सायदै जीवनमा उनको मुखबाट नराम्रो शब्द निस्कियो ।

साहित्यमा भविष्य खोज्दै काठमाडौं आइसकेपछि भवानी भिक्षुले आफ्नो रुचि र अनुभवको क्षेत्र त्यतिखेरको जल्दोबल्दो साहित्यिक पत्रिका "शारदा"मा सम्पादन सहयोगीको रुपमा काम गरे । मुख्य सम्पादक ऋषि बहादुर मल्ल स्वयम् साहित्यकार पनि भएकाले भवानी भिक्षुको कार्य क्षमतालाई राम्ररी बुझेका थिए । त्यसैले त्यहाँ जागिर खान उनलाई त्यस्तो अप्ठेरो भएन । काठमाडौंको साहित्यिक माहौलमा समाहित भइएपछि भवानी भिक्षुको साहित्यिक प्रतिभा पनि झाँगिन थाल्यो । सर्वप्रथम उनले वि.सं. १९९५ मा "शारदा" पत्रिकामा "मानव" नामक कथा छपाएर यात्रालाई अघि बढाए । उनी बंगाली साहित्यकार शरच्चनद्र चट्टोपाध्यायको साहित्यबाट विशेष प्रभावित थिए । त्यसपछि एक अर्को गर्द अरु कथा र कविता पनि शारदा पत्रिकामा छपाए । कविताभन्दा उनका कथालाई धेरै पाठकहरुले रुचाए । भनिन्छ, उनले साहित्य सिर्जना गर्दा पहिले हिन्दी भाषामा सोच्थे र पछि नेपाली भाषामा उतारेर लेख्थे भन्ने समकालीन साहित्यिक दौतरीहरुको मत छ । उनको प्रकाशित पहिलो साहित्यिक कृति भने वि.सं. २०१६ मा प्रकाशित "गुनकेशरी" कथासङ्ग्रह हो । काठमाडौंको जागिरको क्रममा उनी वि.सं. २००८ देखि २०१३ सम्म उनी सूचना विभागका अतिरिक्त निर्देशक थिए । वि.सं. २०१४ असार ९ गते राजा महेन्द्रले साहित्यको विकास र विस्तारका लागि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान स्थापना गरेपछि

उनी पनि एक प्रखर साहित्यकारको नाताले त्यस निकायको प्राज्ञ सदस्य बने । उनी साहित्यमा समर्पित भएर लाग्ने हुँदा धेरै समयसम्म नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्य हुने मौका पाए । त्यहाँ उनले गद्य विभागको प्रमुख भएर प्रशस्त कामहरु गरे । उनको त्यो दिलचस्पी कामले गर्दा नै नेपाल प्रज्ञा प्रतिष्ठान चर्चा परिचर्चा देश विदेशसम्म पुगेको सबैले सकार्छन् ।

उनको शारीरिक आवरणको रुपमा कालो वर्ण र होचो कदका थिए । उनलाई एक पटक बिफर लागेर अनुहार नै छ्याकेछ्याके भयो तर पनि उनी आफूलाई टिपटप बनाएर हिँड्थे । उनी आफैँ सौन्दर्यप्रेमी थिए । उनी शारीरिक रुपरंगमा भनदा पनि साहित्यिक रुपरंगमा निकै सुन्दर प्रतिभा भएका सर्जक थिए । कथा, उपन्यास र कवितामा प्रखर रुपमा कलम चलाउने भवानी भिक्षुका प्रकाशित साहित्यिक कृतिहरु यस प्रकार रहेका छन् :

(क) कथासङ्ग्रह : गुनकेशरी (वि.सं. २०१६), मैयाँ साहेक (वि.सं. २०१७), आवर्त (वि.सं. २०२४), अवान्तर (वि.सं. २०३४)

(ख) कवितासङ्ग्रह : छायँ (वि.सं. २०१७), प्रकाश (वि.सं. २०१७), परिष्कार (वि.सं. २०२४) ।


(ग) उपन्यास : आगत (वि.सं. २०३३), पाइप नं. २ (वि.सं. २०३४), सुन्तली (धारावाहिक उपन्यास, गरिमा पत्रिका) ।


नेपाली साहित्य जगतलाई उन्नत र उन्नायक मार्गमा डोऱ्याउन भवानी भिक्षुको योगदान अतुलनीय रुपमा रहेको छ । विशेष गरी कथा र उपन्यास विधामा उनको सिर्जनाले नेपाली साहित्यलाई आधुनिकतिर डोऱ्याएको पाइन्छ । उनको यही साहित्यिक योगदानलाई कदर गर्दै वि.सं. २०३२ मा उनले "आगत" नाउँको सशक्त उपन्यासबाट नेपालकै सबैभन्दा प्रतिष्ठित साहित्यिक मदन पुरस्कार प्राप्त गरेका थिए । यसै गरी नेपाली साहित्य सेवामा विशेष सेवा गरे वापत उनले वि.सं. २०३६ मा प्रतिष्ठित त्रिभुवन प्रज्ञा पुरस्कार प्राप्त गरेका थिए । यस्तो सुन्दर प्रतिभा भएका सर्जक भवानी भिक्षुको २०३८ साल वैशाख ४ गते निधन भयो ।


❐ ❐

*प्रस्तुति : भीम राना 'जिज्ञासु'*

## केटाकेटी मिडियाका बेस्टसेलर बालसाहित्य कृतिहरू








बिक्री वितरणका लागि सम्पर्क ९८५१४०३५३१

**स्वर** द्वैमासिक पत्रिका काठमाडौं जि.प्र.का. द.नं. १९५/०५९-०६०

नियात्रा कृति प्रकाशित भएकोमा आदरणीय लेखक
महेन्द्र चालिसेज्यूलाई हार्दिक बधाई




प्रकाशक : सुरभि साहित्य प्रतिष्ठान, काठमाडौं